पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३० अङ्क : ४२ २०७० जेठ ३१ गते शुक्रबार (June 14, 2013) मूल्य रू. ७/-

## पूर्वराजाबाट सिण्डिकेट थरहरि



काठमाडौं । बारा, पर्सा, रौतहट, सिरहा, सर्लाही, सप्तरी जिल्लाका विभिन्न मन्दिर तथा पीठहरूमा पूजा–अर्चनाका लागि गएका पूर्वराजा ज्ञानेन्द्र शाहलाई भेट्न आउने आम जनताको भीड रोक्न नसकेपछि अत्तालिएको चार दलीय सिण्डिकेटले एउटा नाबालक केटालाई खाना खान र ५० रूपैयाँ ज्याला दिएर चप्पल हान्न लगायो । एकातिर चप्पल फालेको देखेका सामान्य जनताले नै चप्पल र चप्पल फाल्नेलाई समाते । यो गत सोमबार राजविराजको घटना हो ।

पूर्वराजाको मन्दिर दर्शन र पूजाआजा मन नपराउने र यसमा राजनीति देख्ने (बाँकी अन्तिम पेजमा)

# दिल्लीमा सुशील आउट, देउवा इन

काठमाडौं । भारतले 'घोडा फेर्न' लागेको हो त ? अकस्मात नेपाली कांग्रेसका नेता शेरबहादुर देउवालाई बोलाएर भारत सरकारले मात्र होइन, 'भारतमाता' का रूपमा रहेकी सोनिया गान्धीले समेत प्रचण्डलाई नदिएको दर्शन दिएर धन्य धन्य पारिदिएकी छिन् । दिल्ली र देउवाबीचको यो बेमौसमी राजनीतिक बाजा दिल्लीदेखि काठमाडौंको पेरिसडाँडासम्म घन्किन पुगेको छ ।



नेपाली कांग्रेसका सभापति हुन्, सुशील कोइराला । सुशील



कोइरालापछिका नेता हुन्, रामचन्द्र पौडेल । यी दुवैलाई आउट गरेर

आफ्ना विश्वास पात्रका रूपमा देउवालाई महत्वका साथ बोलाउनु र महत्वपूर्ण गुप्त गू गुर्नले नेपालको राजनीतिमा 'यु टर्न' आउने विश्लेषण गर्न थालिएको छ ।

हालैका दिनमा छत्तिसगढका कांग्रेसका नेता कर्मासहित २९ जनालाई भारतीय माओवादीले 'मौतका घाट' उतारिदिए । आउँदा दिनमा भारतमा अतिवादी नक्सली, माओवादीले ठूलै रक्तपात मच्चाउने सन्देश दिएका छन् । त्यसपछि समवेदनाको आँशु झारेको कांग्रेस र प्रम डा.मनमोहन सिंहले 'माओवादी हिंसा' लाई सबैभन्दा ठूलो चुनौती भनेका छन् ।

नेपालमा प्रजातन्त्रवादी सरकार (बाँकी अन्तिम पेजमा)

## न्यायाधीश पनि झोलो

काठमाडौं । चार दलीय सिण्डिकेटले भागवण्डा मिलाएर दिएका हुकुमको तामेली गर्दै मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले डाकेको न्यायपरिषद्को बैठकले जिल्ला र पुनरावेदन अदालतमा १६९ न्यायाधीशको सिफारिसलाई नेपाल बारले नै अपारदर्शी, मूल्यमान्यता विपरित भनेर आपत्ति प्रकट गरेको छ । दलका झोले व्यक्तिहरूलाई न्यायाधिश नियुक्ति गरेर न्यायपरिषद्ले पहिलो पटक न्याय सम्पादनको खिल्ली उडाएको तर्क नेपाल बार र वकिलहरूको छ । उनीहरूको प्रश्न छ, निष्पक्ष भएन, ५० प्रतिशत कानुन व्यवसायी सिफारिसभित्र कहाँ छन् ? थाहा भएनुसार दलीय भागवण्डामा परेका २७ जना कानुन व्यवसायीमात्र सिफारिसमा परेका छन् । (बाँकी अन्तिम पेजमा)

## पूर्वअर्थ र उर्जामन्त्रीहरूको नियत नै खोटो

**अभियान संवाददाता**

काठमाडौं । गत हप्ता पूर्वअर्थ र उर्जा मन्त्रीहरूले मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीलाई माथिल्लो त्रिशुली–३ 'ए'मा घोटला हुने गरी विद्युत् प्राधिकरण सञ्चालक समितिले निर्णय गरेको भन्दै उक्त निर्णय खारेज गर्न ज्ञापन पत्र बुझाएका छन् । त्यसरी ज्ञापन पत्र बुझाउने पूर्व अर्थ र उर्जामन्त्रीहरूले उनीहरूकै पालामा मुलुकलाई ध्वस्त पार्ने निर्णय उनीहरूले नै गरेको रहस्य विस्तारै खुल्न थालेको छ ।

पूर्वउर्जामन्त्री एवं विद्युत् प्राधिकरण



सञ्चालक समितिका अध्यक्ष प्रकाशशरण महतले २०६७ पुष १४ गते चिनियाँ कम्पनी सिनो हाइड्रोको ९० प्रतशित लगानी रहेको माथिल्लो मर्स्याङ्दी ५० मेगावाट र भारतीय लगानीको लिखु चौथो ५२.४ मेगावाटको पिपिए अमेरिकी डलरमा गराएका थिए । माथिल्लो मर्स्याङ्दीको पिपिए प्रतियुनिट ५.९९५ अमेरिकी सेन्टमा गराएका थिए भने मूल्यबृद्धि पिपिए भएको दिनबाट १५ पटक वा उत्पादन गरेको दिनदेखि १० पटक ३ प्रतिशतका दरले दिने सम्झौता भएको छ । डलरको बढ्दो विनिमय दरले र यसलाई

(बाँकी अन्तिम पेजमा)

## सेनापति राणाविरूद्ध रक्षामा उजुरी

**अभियान संवाददाता**

काठमाडौं । नेपाली सेनाका प्रधानसेनापति गौरवशमशेर राणाले नेपाली सेनालाई आफ्नो निजी सेना समूहको व्यवहार गरी पक्षपातपूर्ण निर्णय गर्न थालेका हुनाले उनको विरूद्धमा रक्षा मन्त्रालयमा लिखित उजुरी परेको रक्षा सुत्रले बताएको छ । सुत्रका अनुसार सैनिक मुख्यालयले वरियता मिचेर वार कलेज कोर्षका लागि सिफारिस गरेपछि पक्षपातपूर्ण व्यवहारको रहस्य खुलेको हो ।

नेपाली सेनामा मेजर जनरल (उपरथी) बन्न आवश्यक मानिएको वार



कलेज कोर्षका लागि कनिष्ट सहायक रथीको सिफारिस सेनापति राणाले गरेका छन् । वरियताक्रममा अगाडि रहेका

(बाँकी अन्तिम पेजमा)

## भ्याट फिर्ता नगर

काठमाडौं । सरकारले करदाताबाट उठाएको रकम उद्योगी र व्यवसायीहरूलाई भ्याटको नाममा धमाधम फिर्ता दिन थालेपछि अन्तर्राष्ट्रिय मुद्रा कोषले त्यसरी फिर्ता नदिने र त्यसलाई खारेज गर्न नेपाल सरकारलाई आग्रह गरेको छ । केही उत्पादक कम्पनीहरूले नक्कली भ्याट बिल बनाएर सरकारबाट उल्टै पैसा लिए पनि बजारमा समानको मूल्य घट्नुको सट्टा बढेको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले आर्थिक अध्यादेशको अनुसूचि १ अनुसार सवै भ्याट फिर्ताको व्यवस्था खारेज गर्न आग्रह गरेको छ । तत्कालिन नेकपा एमालेका तर्फबाट अर्थमन्त्री बनेका सुरेन्द्र पाण्डेले २०६५ सालदेखि आयातित (बाँकी अन्तिम पेजमा)

## उद्योग धन्दा बन्द गर्ने महासंघको चेतावनी

काठमाडौँ । राजनीतिक दल र तिनका भातृ संगठनहरूले गर्ने गरेका बन्द हड्ताल र औद्योगिक क्षेत्रमा उठाइने गरेका विवादले गर्दा उद्योग धन्दाहरू नै बन्द गर्नुपर्ने अवस्था सिर्जना भए पनि राजनीतिक दलहरूले त्यसतर्फ ध्यान दिन सकेका छैनन् । पछिल्लो समयमा एकीकृत नेकपा- माओवादीबाट विभाजित भएर गठन भएको नेकपा–माओवादीले आफ्नो अस्तित्व देखाउनका लागि आफ्ना भातृ संगठनहरूलाई सक्रिय पार्दै लगेको छ । त्यसै क्रममा हालै केही उद्योगहरूमा नेकपा–माओवादीको भातृ संगठन मजदुर संगठनले तोडफोड र आक्रमण गरेपछि नेपाल उद्योग (बाँकी अन्तिम पेजमा)

## अब दलहरू पारदर्शी हुनु पर्ने

काठमाडौं । राजनीतिक दल र तिनका भातृ संगठनहरूले उठाउने गरेको चन्दा आतंकबाट उद्योगी व्यावसायहिरू वाक्क भइ रहेका बेलामा निर्वाचन आयोगले राजनीतिक दलहरूको आम्दानी र खर्चमा पारदर्शिता र एकरूपता ल्याउनको लागि १७ बुँदे अनुसूचि तयार पारेको आयोग सुत्रले बताएको छ । यसअघि आफ्नै ढंगले आम्दानी र खर्चको विवरण बुझाउँदै आएका दलहरूले अब आयोगले निर्धारण गरेको १७ बुँदे अनुसूचि भरेर आयोगमा आम्दानी र खर्च बुझाउनु भएको पर्ने भएको छ । १७ बुँदे अनुसूचिमा दलहरूले पार्टीको सदस्यता र लेवीदेखि २५ हजारभन्दा



बढीको चन्दा दिने व्यक्तिहरूको नामसहित आयोगमा बुझाउनु पर्ने व्यवस्था गरेको छ ।

यसअघि पनि दलहरूले आयोगमा खर्च विवरण बुझाउने गरेका भएपनि त्यो पारदर्शी हुने गरेको थिएन । देखाउनको लागि मात्र दलहरूले आय व्यायको विवरण बुझाएर झारा टार्ने काम गरेका हुनाले अब एकरूपता ल्याउनका लागि अनुसूचि तयार गरिएको आयोगको भनाई छ । आयोगले बनाएको अनुसुचिको कार्यान्वयन भने आगामी आर्थीक वर्षदेखी लागु गर्ने निर्णय आयोगले गरेको छ । दलहरूले प्रत्येक आर्थीक वर्षको अन्त्यमा आयव्ययको विवरण आयोगमा पेस गर्नुपर्ने कानुनी व्यावस्था राखेको छ । आयोगले विवरणमा सदस्यता, लेभी, नविकरणको शुल्क र चन्दा तथा सहयोगको स्पष्ट विवरण (बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– *अभियानवाणी*

अभियान
साप्ताहिक

## सम्पादकीय

# निष्ठाको राजनीति गरौं

*चार दलले अन्ततः आफूहरुले संविधानसभाको दोस्रो निर्वाचनका लागि जारी गर्नु पर्ने अध्यादेशका बारेमा निर्णय गर्न सकेन । निर्वाचन आयोगले केही समय पहिला निर्वाचन सम्बन्धी कानुन बनाएर अध्यादेशका लागि मन्त्रिपरिषद्मा पठाए पनि दलहरुको विरोधका कारण निर्वाचन सम्बन्धी अध्यादेश जारी हुन सकेको छैन । कथित् ठूला दल भनिएका एकीकृत नेकपा माओवादी, नेपाली काँग्रेस, नेकपा एमाले र मधेसवादी दलहरुको मोर्चाले पटक/पटक वैठक बसेर छलफल र बहस गरे पनि कुनै निर्णय गर्न नसकेपछि अब थ्रेस होल्ड लगायतका सबै विषयहरुमा निर्णय गर्ने अधिकार सरकारलाई सुम्पिएको छ ।*

*बहुदलीय व्यवस्थामा निर्दलीय सरकार गठन गर्नु दलहरुको असफलता र अकर्मण्यताको राम्रो नमूना हो । लोकतन्त्र आफैंमा कहिल्यै पनि नराम्रो हुँदैन । लोकतन्त्र कहिल्यै असफल हुँदैन । किनकि लोकतन्त्रको विकल्प भनेको लोकतन्त्र नै हो । लोकतन्त्रलाई कसरी सञ्चालन गर्ने, कस्तो रङ्ग लगाउने भन्ने विषय दलहरुमै भर पर्दछ । दलहरुले लोकतान्त्रिक संस्कार र व्यवहार देखाउन नसकेको खण्डमा लोकतन्त्र नै असफल भयो भन्न थालिए पनि वास्तवमा दलहरु असफल भएका हुन्, लोकतन्त्र असफल भएको होइन । दलहरुको कुशल व्यवहार र दलहरुको चरित्रले गर्दा लोकतन्त्र सफल हुन्छ । अहिले जसरी दलीय राजनीति गर्ने दलहरुले एकले अर्कोलाई आरोप–प्रत्यारोप लगाइरहेका छन् त्यसले दलहरुमाथीको अविश्वासनीयता बढ्दै गएको छ । दलहरुले लोकतान्त्रिक व्यवहार देखाउन नसकेका र दलहरुले एकले अर्कोलाई विश्वास गर्न नसकेका हुनाले दलहरुले गर्नुपर्ने कार्यको जिम्मेवारी निर्दलिय व्यक्तिलाई जिम्मा लगाएका छन् । खिलराज रेग्मी नेतृत्वको पूर्वकर्मचारी सहभागी भएको सरकारले दलहरुको सहयोग र सथर्मन विना सिन्कोसम्म भाँच्न सक्ने अवस्था छैन । रेग्मी सरकार को प्रति जिम्मेवार रहेको छ ? भन्ने प्रश्न समेत उठ्ने गरेको हुनाले त्यसको जवाफ स्वयम् दलहरुले दिनै पर्दछ ।*

*एउटा दलले गरेको खराब कार्यको भागिदार अर्को दललाई बनाउनु किमार्थ उचित हुँदैन । सबै दललाई एउटै डालोमा राखेर हेरिएको खण्डमा त्यसले मुलुक र जनताको हित हुन सक्दैन । दलहरु जनताप्रति जिम्मेवार भएको खण्डमा त्यस्तो दललाई जनताको समर्थन रहने प्रायः निश्चित हुन्छ । राजनीतिमा निष्ठाको ठूलो महत्व हुन्छ, निष्ठा विनाको राजनीतिले मुलुकलाई संकटतिर मात्र धकेलन सक्छ भन्ने भनाई इतिहास हामीकहाँ विगतको पाँच वर्षे कार्यकालाई हेरे पुग्छ । पछिल्लो समयमा दलहरुबीचमा विश्वासको संकट र जनताप्रति भरोसा नगर्ने व्यहारका कारण राजानीतिको संस्कारयुक्त संस्थागत विकास हुन नसकेको सत्य वास्तविकता हो । दलहरुले जनताका समस्या समाधानको लागि भन्दा पार्टीगत स्वार्थ र व्यक्तिगत महत्वाकाक्षा पुरा गर्नैका लागि मात्र राजनीति गर्ने गरेका हुनाले अब उनीहरुले जनताप्रति भरोसाा गर्दै जनताकै लागि राजनीति गरेको खण्डमा लोकतन्त्र पनि संस्थागत हुन सक्छ । लोकतन्त्र भनेको केही व्यक्तिलाई सत्तामा पुग्ने बाटो मात्र होइन, जनताका समस्याहरु समाधान गर्ने बाटो पनि हो भन्ने हेक्का दलहरुमा हुनै पर्दछ ।*

*दुई वर्षे म्याण्डेट पाएको संविधानसभाले चार वर्षसम्ममा पनि संविधान निर्माण गर्न सकने आखिरी किन ? सत्ताकै लागि दलहरु विभाजित भए । कुनै खास उद्देश्य लिएर गठन भएका दलहरु विनाकारण विभाजित भएपछि जनताले दलहरुप्रति अविश्वास गर्नु स्वभाविक हो । नीतिगत उद्देश्यले दलहरु विभाजित भएका थिएनन्, पछिल्लो पटक राजनीतलाई सजिलै कमाई खाने उद्योगको रुपमा विकसित गरिएको हुनाले दल खोल्ने होडबाजी चलेको छ । यसरी राजनीतिलाई ठगी खाने भाँडो बनाइएको हुनाले राजनीतिप्रति वितृष्णा बढेको सबैले महसूस गरेका हुनाले अब निष्ठाको राजनीति हुनु पर्ने कुरामा हामी जोड दिन चाहन्छौं । निष्ठाको राजनीतिले मात्र मुलुक र जनताको हित हुन सक्छ भन्ने हाम्रो मान्यता रहेको छ ।*

# संविधानसभा हिजो पनि सार्वभौमसत्ता सम्पन्न थिएन

*देवेन्द्र चुडाल*

संविधानसभाको हत्या गरिएपछि दोस्रो पटक संविधानसभाको निर्वाचन गराउन कुन दलको नेतृत्वमा चुनावी सरकार गठन गर्न सकिन्छ भनेर कथित ठूला दल भनिएका एकीकृत नेकपा माओवादी, नेपाली काँग्रेस, नेकपा एमाले र मधेसवादी दलहरूको मोर्चाले एक वर्षको समय व्यर्थमै विताए । एकीकृत नेकपा माओवादीले आफ्नो पार्टीको महाधिवेशनबाटै बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा चुनावी सरकार गठन गर्ने निर्णय गरेनुसार बहालवाला प्रधानन्यायाधीशको नेतृत्वमा चुनावी सरकार गठन भएको हो । खिलराज रेग्मीलाई प्रधानन्यायाधीशबाट काजमा ल्याएर मन्त्रिपरिषद्को अध्यक्ष बनाउन नेपालको अन्तरिम संविधान नै संशोधन गरियो । संविधान संशोधन गर्ने अधिकार संसद् र जनताबाहेक अन्य कसैलाई नभए पनि मुख्य चार दलले जनताको अधिकार खोसेर संविधान संशोधन गर्ने निर्णय गरे पश्चात आफैंले कसम खाएको संविधानको खिल्ली उडाउँदै राष्ट्रपति डा. रामवरण यादवले अन्तरिम संविधानको वाधा अड्काउ धारा १५८ मार्फत् संविधान संशोधन गर्नुले राष्ट्रपति संविधानको पालक र संरक्षक बन्न नसकेको प्रमाणित भएको छ । नेपालको अन्तरिम संविधानले नै राष्ट्रपतिलाई संविधानको पालक र संरक्षक स्वीकार गरेको अवस्थामा राष्ट्रपतिले नै संविधानको उल्लङ्घन गरेका हुनाले पछिल्लो पटक अरूले पनि संविधान उल्लङ्घन गर्ने कार्यले तिव्रता पाएको छ ।

मुख्य चार दलको निगाहमा मन्त्रिपरिषद्को अध्यक्ष बन्ने अवसर पाएका खिलराज रेग्मी अहिले अग्नि परीक्षामा रहेका छन् । सर्वोच्च अदालतको प्रधानन्यायाधीश समेत रहेका रेग्मी कानुनको ज्ञाता समेत रहेका हुनाले उनले निर्वाचन सम्बन्धी अध्यादेश जारी गर्दा कुन विधि र कस्तो प्रक्रिया अपनाउँछन्, कस्ता कस्ता प्रावधानहरू अध्यादेशमा राख्छन् त्यो अहिले चर्चाको शिखरमा रहेको छ । निर्वाचन आयोगले समानुपातिक निर्वाचन प्रणालीबाट संसद्मा पुग्न कुनै पनि राजनीतिक दलले जम्मा खसेको मतको एक प्रतिशत मत ल्याउनु पर्ने, फौजदारी अभियोग लागेका व्यक्तिहरू कम्तीमा ६ वर्षसम्म निर्वाचनमा उम्मेद्वार हुन नपाउने र उम्मेद्वारले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्नु पर्ने सर्तहरू अघि सारेर निर्वाचन अध्यादेश निर्माण गरी मन्त्रिपरिषद्मा पठाएको छ । एकीकृत नेकपा माओवादी र मधेसी दलहरूले माथि उल्लेखित तिनै विषयहरू अध्यादेशमा राख्न नहुने अडान लिएका छन् भने नेपाली काँग्रेस र नेकपा एमाले लगायतका अन्य दलहरूले उक्त प्रावधान राख्नु पर्ने अडान लिएका हुनाले ती विषयहरूमा दलहरूबीच सहमति हुन नसकेको हुनाले त्यसको छिनोफानो गरी अध्यादेश ल्याउने जिम्मवारी समेत मन्त्रिपरिषद्लाई नै सुम्पिएका छन् । विश्वका कुनै पनि प्रजातान्त्रिक मुलुकहरूमा अपराधीहरूलाई उम्मेद्वार बनाउन पाइँदैन । राजनीतिलाई शुद्ध र पारदर्शी बनाउन र राजनीतिलाई अपराधीकरण हुनबाट जोगाउने हो भने निश्चित समयका लागि फौजदारी केसमा सजाय पाएका व्यक्तिलाई उम्मेद्वार बनाइनु हुँदैन । केही केही समय उनीहरूलाई सुध्रने मौका दिने उद्देश्यले निर्वाचन आयोगले ६ वर्षसम्म उम्मेद्वार हुन नपाउने प्रावधान राखेर अध्यादेश बनाएको हुनुपर्छ । पछिल्लोपटक नेपालमा राजनीतिलाई कमाई खाने राम्रो भाँडो वा उद्योग बनाइएको हुनाले राजनीतिक दल खोल्ने होडबाजी नै चलेको छ । निर्वाचन आयोगमा एक सय ३९ वटा दलले दल दर्ताको लागि निवेदन दिएका छन् । जनताको सेवा गर्ने उद्देश्यले दल निर्माण गरिएको भए एक प्रतिशत मत ल्याउनु पर्ने निर्वाचन आयोगको प्रस्तावको विरोध गर्नुको औचित्य के ? जम्मा खसेको मतको एक प्रतिशत मत समेत ल्याउन नसक्ने राजनीतिक दलले किन राजनीति गर्नु, बरू त्यसको बदला साग बेचेर बसे भइ हाल्यो नि ! राजनीति गर्न दलहरू खोलिएका हुन् भने उनीहरूले एक प्रतिशत थ्रेस होल्डको विरोध गर्नुको औचित्य छैन । कमाइ खाने भाँडो बनाउने उद्देश्यले खोलिएका दलहरूले मात्र त्यसको विरोध गर्ने हुन् । राजनीतिलाई अपराधीकरणमा परिणत गरिए अबको केही वर्षपछि राज्यको बागडोर समेत अपराधीहरूकै हातमा पुग्ने र सक्षम र योग्य राजनीतिकमीहरू स्वतः पाखा लाग्ने भएको हुनाले फौजदारी केसमा सजाय पाएका व्यक्तिहरूलाई उम्मेद्वार बन्न नपाउने व्यवस्था गर्नु नै राजनीतिलाई अपराधीकरण हुनबाट जोगाउने एक मात्र विकल्प हो ।

अहिले खिलराज रेग्मी नेतृत्वमा बनेको सरकारमा पूर्व उच्चपदका कर्मचारीहरूको सहभागिता रहेको छ । उनीहरूले विगतमा आफूहरूले पाएका अनुभव र कार्यदक्षतालाई इमान्दारीताका साथ लागू गरेको खण्डमा उनीहरूको नाम इतिहासमा सुनौला अक्षरले लेखिन्छन् तर रेग्मी स्वयम्ले आफूलाई सरकार प्रमुख बनाइदिने पार्टीको निर्णय अनुसार थ्रेस होल्ड, फौजदारी केसमा सजाय पाएका व्यक्ति पनि उम्मेद्वार बन्न पाउने र सम्पत्ति विवरण सार्वजनिक गर्नु नपर्ने गरी निर्वाचन अध्यादेश ल्याएको खण्डमा उनी इतिहासमै कलंकित व्यक्ति भनेर दरिने प्रायःनिश्चित भएको हुनाले कस्तो अध्यादेश निर्माण गर्ने, कस्ता कस्ता प्रावधानहरू राख्ने भन्ने निर्णय गर्ने सम्पूर्ण अधिकार दलहरूले सरकारलाई नै दिएका हुनाले रेग्मीले खुट्टा नकमाई स्वविवेकले निर्णय गरेर राजनीतिलाई अपराधीकरणबाट जोगाउन सक्ने हिम्मत देखाएको खण्डमा जनताले उनलाई धन्यवाद नै दिनेछन् । इतिहासकै कलंकित बन्ने कि आफ्नो नाम सुवर्ण अक्षरमा लेखाउने भन्ने जिम्मेवारी स्वयम् रेग्मीकै हातमा आएको छ । मुख्य दलका नेताहरूले सरकारले गर्ने निर्णय आफूहरूलाई मान्य हुने उद्घोष गरिसकेको अवस्थामा रेग्मी सरकारले खुट्टा कमाउनु पर्ने अवस्था रहेछ/छैन । तर चार राजनीतिक दलले सम्पूर्ण निर्णय गर्ने अधिकार सरकारलाई नै दिए पनि उच्चस्तरीय राजनीतिक संयन्त्रको दबाब थेग्न रेग्मी सरकारलाई निकै कठिन पर्ने सक्ने अवस्था भने विद्यमान नै रहेको प्रष्ट हुँदै गएको छ ।

असंवैधानिक चार दलीय राजनीतिक संयन्त्रले जबर्जस्ती राजनीतिको बागडोर आफ्नो हातमा लिएको छ । चौतर्फी विरोध हुँदाहुँदै पनि उक्त संयन्त्रले सरकारलाई नियन्त्रण गर्न खोजिएको छ । यिनै चार दलले जबर्जस्ती रूपमा विधायिकाको अधिकार समेत प्रयोग गरिरहेका छन् । संविधानको पालक र संरक्षक भनिएका राष्ट्रपति पनि यिनै चार दलको माखे साङ्लोमा जोडिन पुगेका छन् । हत्या गरिएको संविधानसभामा उपस्थित भएका सबै दलको सहयोग र समर्थन लिन राष्ट्रपति र रेग्मी सरकार असफल सावित भएका छन् । पछिल्लो संविधानसभाको निर्वाचनपछि प्रमुख तीन दल र मधेस केन्द्रित दलहरूले संविधान निर्माणप्रति इमान्दारीता देखाएको भए पहिलो दुई वर्षमै संविधान निर्माण हुन सक्थ्यो तर उनीहरूले त्यस्तो इमान्दारीता देखाउनुको सट्टा सत्ता स्वार्थमा रूमलिएर संविधान निर्माण कार्यलाई दोस्रो प्राथमिकतामा राख्दै सत्तास्वार्थ र पार्टीगत स्वार्थमा लागेका हुनाले संविधान निर्माण हुन सकेन । अन्त्यमा उनीहरूले संविधानसभाको हत्या नै गरिदिए । अहिले न्याय क्षेत्र पनि निर्देशित संस्थाको रूपमा परिणत भएको छ । हुन त कामु प्रधानन्यायधीश दामोदर शर्माले न्यायपालिकामा खिलराज रेग्मीको छायाँसमेत नपर्ने उद्घोष गर्दै रेग्मी फेरि सर्वोच्च अदालतमा आएमा आफूले न्यायाधीशबाट राजीनामा दिने उद्घोष गरिसकेका भए पनि पछिल्लोपटक पुनरावेदन अदालत र जिल्ला अदालतहरूमा न्यायाधीशको लागि न्यायपरिषद्ले गरेको सिफारिस हेर्दा न्यायपरिषद्मा खिलराज रेग्मीको छायाँले पुरै सताएको प्रमाणित भएको छ । पछिल्लो समयमा दाउपेच र षड्यन्त्रको कुचक्रमा नेपालको राजनीति पुरै फसेको छ । नेपाली जनताले दुई वर्षको म्यान्डेट दिएर संविधान निर्माण गर्न पठाएका प्रतिनिधिहरूले आफैंले आफ्नो

*बाँकी ४ पेजमा*

# संविधानसभाको नाममा अझैसम्म कपाकप



राजन कार्की

बन्दुकलाई बिसाएर लोकतन्त्रमा विश्वास गरेर प्रतिस्पर्धी राजनीतिक धरातलमा ओर्लेको माओवादी सत्तामात्र होइन, सर्वसत्तावादको शीरमा बिराजमान छ । तैपनि माओवादीहरू जनवाद, जनयुद्ध, सत्ता कब्जा, जनतन्त्रका नारा बगार्न छाडेको छैनन् । लोकतन्त्रमा जनमत सर्बेसर्वा हुन्छ र जनमतको अपहेलना गर्ने व्यवहार त के कुरासम्म लोकतन्त्रवादीले गर्नु राजनीतिक अपराध हो । तर, अतिवादको धङ्धङे उनीहरू त्याग गर्न सकिरहेका छैनन् र अतिवादकै माध्यमबाट स्वार्थशिद्ध हुन्छ भन्ने विश्वास गरिरहेका छन् । लाग्छ, उनीहरू मीठो खानकै लागि लोकतन्त्रको जूठो स्याहारिरहेका छन् । आफ्नो अनुहार र व्यवहारमा अलोकतान्त्रिक देखिएकोमा जूठोपूरा खानेहरूलाई कुनै लज्जाबोध छैन ।

उपाध्यक्ष बाबुराम भट्टराई सत्तामा थिए र प्रचण्ड राजनीतिका नायक । काग्रेस र एमाले प्रतिपक्षीका रूपमा सडकमा थिए । संविधानसभा पनि थियो । सर्वोच्च अदालतले जेठ १४ भित्र संविधान निर्माण गर्ने अन्तिम आदेश दिएको थियो । संविधान निर्माण गर्ने क्रममा यिनै नेताहरू ८० प्रतिशत काम सकिसकेको निरन्तर दावी गरिरहेका थिए । राज्यपुनर्संरचना, संघीयता र शासनपद्धतिका विषयमा कुरा मिलाउने प्रयास भइरहेको थियो । एकाएक २०६८ साल चैतको अन्तिम दिन जनजातिहरूलाई प्रचण्डले एकलजातीय संघीयताको पक्षमा उभिन आदेश दिए । माओवादी र विदेशी ताकतले जनजातिहरूलाई तिनको हक कायम गर्न होइन, मात्र अराजकता फैलाउन एकलजातीय पहिचानसहितका संघीयतामा उतार्ने काम गरे । स्क्याण्डिनेभियनहरू र बेलायतको डीएफआईडीजस्ता विदेशी आइएनजीओहरू धमाधम डलर बर्षाउन थालेका थिए । डलरको बलमा 'बाहुनजति काँशी जा, क्षेत्रीजति फाँसी जा' भन्ने नारा घन्किन थाल्यो । मधेसबाट पहाडी लखेटिदै थिए, मुलुकबाट बाहुन र क्षेत्री सफाया गर्ने अभियानको श्रीगणेश हुन-हुन लागेको थियो । मानौं, नेपाल १९१९ को जलियावाला बाग घटनाको तैयारी गर्दै थियो । इतिहासअुनसार १९१९ मा अंग्रेज कमाण्डर डायरको आदेशमा जलियावाला बाग हत्याकाण्ड भएको थियो । त्यो बिभत्स हत्याकाण्ड भारतले अहिले पनि सम्झदै आँसु झार्छ र श्रद्धाञ्जली दिनेगर्छ । २०६९ सालका सुरूका १४ दिन १२६ जातिको नेपालमा जातजातिको उत्तेजित जुलुसले नेपाल झण्डै-झण्डै जलियावाला बागकोजस्तो बिभत्स हत्याकाण्डमा परिणत भएको थियो । धन्न, आम जनताले जातीय सद्भावको दियो जलाए र खुकुरी निकाला निकाल भइसकेको स्थिति अँध्यारो हुनपाएन । अन्ततोगत्वा नेता प्रचण्ड र प्रधानमन्त्री डा.बाबुराम भट्टराईले बोलाएको संविधानसभाको बैठकसम्म हुन दिएनन् र आधारातमा संविधानसभाको कत्लेआम गरिदिए । संविधानसभा आफ्नै एजेण्डा भएको दावी थियो माओवादीको, आफैले काखमा राखेर बध गरिदिए, ब्याधा हुन लाज मानेनन् । यिनीहरू फेरि संविधानसभाको दोस्रो निर्वाचनको फोस्रो फुइँकी हाँकिरहेका छन् ।

**सरकारभन्दा शक्तिशाली बनेर बसेको मुखिया 'सिण्डिकेट' एकदोस्राप्रति आरोप प्रत्यारोपमामात्र सिमित छैन, प्रचण्डले मुखै खोलेर भनिसके- कांग्रेस, एमालेले निर्वाचन हुन नदिने भए, मंसिरमा पनि निर्वाचन हुन्न, कहिले पनि हुन्न । कांग्रेस, एमालेको आरोप छ- एमाओवादी निर्वाचन नै चाहँदैन । निर्वाचनमा जाने सहमति गर्ने तर निर्वाचनका लागि वातावरण धमिल्याउने शीर्ष दलहरू चाहिरहेका छन् के ? अन्यौल बढ्दै गएको छ ।**

०६९ साल जेठ १४ गतेसम्मको यात्राको सुरूआत १९ दिने जनआन्दोलनका सामु राजतन्त्र झुकेको दिनबाट भएको थियो । निरङ्कुशताबाट मुक्ति हुन्छ भनेर आशा देखाइयो र न भूतो, न भविष्यति भनेझैं अपूर्व जनसहभागितामा २०६३ साल वैशाख ११ गतेबाट परिवर्तनका दिनहरू सुरू भए । त्यसको लगत्तै अधिनायकबाद सुरू भएको हो । राजनीतिक दलहरूले राजाका अधिकार कटौति गरे, माओवादीलाई संसदमा एमालेसरहको हैसियत प्रदान गरे, राष्ट्रिय धर्म नै परिवर्तन गरिदिए । २०६४ साल चैत २८ को संविधानसभाको निर्वाचनपछि सबैभन्दा ठूलो दल बन्यो माओवादी । संविधानसभामा ६२ प्रतिशत कम्युनिष्टको हालीमुहाली थियो । भनियो- अव त नयाँ नेपाल बन्छ । थिचिएका, मिचिएका नेपालीले भुक्ति-मुक्ति पाउँछन् । तर संविधानसभाबाट संविधान बनाउन नसकेका नेताहरू संविधानसभाको अर्को निर्वाचन गर्ने भन्न थाले । यो सहमति पनि आम होइन, शीर्ष दलहरूकै सर्बसत्तावादी सहमति थियो । ०७० साल असारमा निर्वाचन गर्ने भनेर राजनीतिक नेतृत्वले अराजनीतिक सरकार निर्माण गरे पनि त्यो सरकारले मंसिरमा पनि निर्वाचन गर्लाजस्तो संकेत देखिएको छैन । प्रधानन्यायाधीशको नेतृत्वको कर्मचारी सरकार किन गठन गरिएछ भन्दा हालै काठमाडौंमा सम्पन्न नेपाल र भारतका गृहसचिवहरूको बैठकबाट स्पष्ट हुनपुगेको छ । सरकार प्रमुख खिलराज रेग्मी त खेताला पो रहेछन् । भारतले नेपालको एकमात्र त्रिभुवन विमानस्थलको अध्यागमन व्यवस्थापनको जिम्मा माग्यो, प्रहरी प्रशासनलाई तालिम दिन्छु भन्यो, खिलराज सरकारले आज्ञाकारी नोकरले झैं हस् पो भनिदियो । नेपालका कुनै पनि एयरपोर्टबाट भित्रबाहिर हुने सुरक्षामामिला अव भारतका लागि उसकै 'नेटवर्किङ'मार्फत सिधै दिल्ली जोडिने छ । मान्यता थियो, चुनावी सरकारले दूरगामी असर पर्ने कुनै पनि निर्णय गर्न मिल्दैन । तर, खिलराज रेग्मीको सरकार सिण्डिकेटको निर्देशन पूर्जाअनुसार जस्तोसुकै निर्णय पनि गरिरहेको छ । कसरी निर्वैंचन सम्भव बनाउने भन्नेतिर खिलराज सरकारले पटक्कै ध्यान दिएको छैन । अहिले पनि नेकपा-माओवादीसहितका ३३ दल निर्वाचन भाँडिन्छ भनेर कुर्लिरहेका छन्, तिनलाई कसरी निर्वाचनमुखी बनाउने, निर्वाचनको बिकल्प छैन भनेर बुझाउने भन्नेतिर सरकारको पटक्कै ध्यान गएको छैन । सत्तामा पुगेका शीर्ष दलका मनोनयनमा परेका भाग्यमानी पूर्वसचिवहरू मन्त्री भएपछि उद्घाटन, भाषण गर्नतिर पो लागेका छन् ।

नेपाल सधैं सार्वभौम स्वतन्त्र राष्ट्रको रूपमा रहेको छ । १८१६ को सुगौली सन्धिपछि नेपाल निकै खुम्चिएको अवस्थामा थियो । नेपालले १९२० मा आएर अलिकति उज्यालो दिन देखेको हो । अर्थात १९२० मा ब्रिटिश साम्राज्यले नेपाललाई सार्वभौम स्वतन्त्रताको दर्जाले सम्मानित गरेको थियो । त्यतिबेला नेपालमा चन्द्रशमशेर जबराको जहाँनियाँ शासन थियो । इतिहासका अनुसार १८५७ मे ३१ मा जंगबहादुर राणाले आफ्नै कमाण्डमा ८ हजार फौज लिएर लखनउका नबाबविरूद्ध लडाइँ गर्न गएका रहेछन् । अंग्रेजलाई सघाएबापत बृटिश शासनबाट शासनाधिकार र पश्चिमका बाँके बर्दियालगायतका चार जिल्ला बकससमेत पाएका रहेछन् । यिनै जंगबहादुरले नेपालको सिमानामा जंगे पिलर गाडेका थिए । भएको त्यो नेपाललाई समेत विदेशी अतिक्रमण, संक्रमण र आत्मनिर्णयको संकुचनबाट बचाउन अग्रगामी भनेर नाक फुलाउनेहरूले सकेनन् । यिनीहरू अझै पनि भनिरहेका छन्, संविधानसभाको निर्वाचनपछि भुक्ति र मुक्ति हुन्छ ।

कसरी निर्वाचन सम्भव छ ? कसरी मुक्ति हुनसक्छ ? शीर्ष दलहरू भन्न सक्दैनन् । निर्वैंचन भइहाले पनि संविधान बन्छ भन्ने प्रत्याभूति यिनीहरू दिन सक्दैनन् । किनभने २०६९ साल जेठ १४ अघिको १४ दिने जुन 'जातीय महाभारत, आत्मनिर्णयको माँग, मधेस एक प्रदेश'को मुद्धा ज्यूँका त्यूँ छ । राज्यपुनर्संरचना र राष्ट्रपतीय कि प्रधानमन्त्रीय प्रणाली भन्ने बिबाद कायमै छ । सरकारभन्दा शक्तिशाली बनेर बसेको मुखिया 'सिण्डिकेट' एकदोस्राप्रति आरोप प्रत्यारोपमामात्र सिमित छैन, प्रचण्डले मुखै खोलेर भनिसके- कांग्रेस, एमालेले निर्वैंचन हुन नदिने भए, मंसिरमा पनि निर्वाचन हुन्न, कहिले पनि हुन्न । कांग्रेस, एमालेको आरोप छ- एमाओवादी निर्वाचन नै चाहँदैन । निर्वाचनमा जाने सहमति गर्ने तर निर्वाचनका लागि वातावरण धमिल्याउने शीर्ष दलहरू चाहिरहेका छन् के ? अन्यौल बढ्दै गएको छ ।

यो सबै बिग्रेको प्रजातान्त्रिक अनुशासनहीनताले हो । २०६३ साल वैशाख ११ गते, जब दलहरू मिलेपछि जे पनि गर्न सकिन्छ भन्ने मनस्थितिको विकास भयो र जनताको सार्वभौमिक अधिकारको दुरूपयोग गर्दै गए, त्यसपछि लोकतन्त्रमा भाँडभैलो मच्चिन पुगेको हो । पछिल्लोपल्ट चारदलको सहमतिलाई राष्ट्रपतिले संविधान संशोधनसमेत गरेर मान्यता दिए, चारदलीय सिण्डिकेट श्री ३ भन्दा कडा तानाशाहीतन्त्र बनेर निस्किएको छ । यो श्री ३ भन्दा कडा श्री ४ को तानाशाही सर्वसत्तावादलाईसमेत माथ गरेर हामीले भनेजस्तो हुन्छ भनेर खिलराजलाई सिंहदरवारमा 'बुख्याँचा' उभ्याएर भूमिगत गिरोहजस्तो शासन गरिरहेको छ । लोकतन्त्रलाई मौजा बनाएर बसी बसी कूत खान पल्केका चारदलीय सिण्डिकेट तानाशाहहरू निर्वाचन नगरेरै फाइदा देखिरहेका छन् भने किन निर्वाचनमा जाने ? किन स्थानीय निर्वाचन गरिरहने ? यिनले लोकतन्त्र र जनताको आवाज उठाइरहेका ३३ दललाई पेलेर अघि बढ्नुको कारण पनि यही हो ।

सम्भवतः नेपालमा अराजकता बढ्ने खतराले आफूलाई पनि खतरा हुनथालेको अनुभव गरेका उत्तर र दक्षिणले आफ्नो सुरक्षा आफै गर्न अग्रसर भएका छन् । चीनले उत्तर सीमा क्षेत्रमा आफ्नो चाख र नेपालमा आफ्नो उपस्थितिको चासोलाई ह्वात्तै बढाएको छ भने भारतले 'सुशीललाई विश्वासको घेराबाहिर फालेर' देउवालाई 'इन' गरेको हुनसक्छ । भारत 'घोडा फेर्ने' मूडमा छ कि भन्ने संकेत सोनिया गान्धीलेसमेत बेमौसममा देउवालाई ठूलो महत्वका साथ दर्शन दिनुबाट बुझ्न सकिन्छ । अझै पनि श्री ४ लाई चेतना छ भने धोका दिने चरित्र सुधारेर इतिहास निर्माण गर्ने मौका छ । नेपाली जनताको सहनशीलताको सीमा नाघ्यो र युवासहितका आम जनता जागे भने सिण्डिकेट श्री ४ को कम्बल ओढेर घ्यू खाने वर्तमान साम्राज्य बालुवाको महल ढलेझैं सोत्तर पनि हुनसक्छ ।

## श्रेष्ठद्वारा अतिथि गृह उद्घाटन

भक्तपुर । सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक सुशिलकुमार श्रेष्ठले सशस्त्र प्रहरी बल गुहेश्वरी गण दुवाकोट भक्तपुरमा नवनिर्मित अतिथि गृहको उद्घाटन गरे । श्रेष्ठले त्यस अवसरमा भवन निर्माण कार्यमा उल्लेखनीय योगदान पुऱ्याउने १२ जनालाई प्रसंसापत्र प्रदान गरे । सो अवसरमा उनले सुरक्षाकर्मीहरू आ□नो जीवनको लामो समय ब्यारेकमा रहेर राष्ट्र र नागरिकको सेवामा समर्पित रहने चर्चा पनि गरेका थिए ।

श्रेष्ठ सशस्त्र प्रहरी कर्मचारीहरूका लागि कल्याणकारी योजना अन्तर्गत अतिथि गृहको निर्माण गरिएको चर्चा गर्दै यसबाट बलका राष्ट्रसेवकको सुविधामा अभिबृद्धि हुने विश्वास व्यक्त गरे । पाहुना घरलाई व्यवस्थित र थप सुविधासम्पन्न बनाउन व्यवस्थापन पक्षमा ध्यान पुऱ्याउनु पर्ने बताउँदै सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक श्रेष्ठले कल्याणकारी योजना अन्तर्गत यस्ता अतिथि गृह निर्माणमा संगठनले ध्यान पुऱ्याई रहेको बताए ।

सो गणका गणपति सशस्त्र प्रहरी उपरीक्षक शैलेन्द्रकुमार भण्डारीले निर्माण सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्दै संगठनमा आधारभूत आवश्यकताहरूलाई पुरा गर्न सकिएमा बलका राष्ट्रसेवकको मनोबल उच्च हुने बताए । कार्यक्रममा सशस्त्र प्रहरी नायव उपरीक्षक जयबहादुर खड्काले धन्यवाद ज्ञापन गर्दै नवनिर्मित अतिथि गृहले बलका राष्ट्रसेवकहरूको सुविधामा अभिबृद्धि हुने र यसबाट प्रभावकारी कार्य सम्पादनमा समेत सहयोग पुऱ्याउने बताए ।

# Indian Atrocities on Kashmiris warrant International Focus

*Osman Khan*

Afzal Guru, a Kashmiri citizen, was hanged in Delhi's Tihar jail on 9th of February this year. His crime being his innocence presence in the precinct of crime scene on the day of attack on Indian Parliament building. The abrupt hanging of Afzal Guru without giving him a chance to exercise his right to approach Indian Supreme Court against the rejection of his mercy plea by the Indian president, reflect Indian civil and military establishment's inhuman approach towards Kashmiri people and their basic rights. Afzal Guru's death reminded Maqbool Bhat's abrupt hanging, the Kashmiri leader who too was hanged in controversial circumstances in the same month of the year 1984. However, the resolve of Kashmiris to struggle against Indian occupation and exercise their right of self determination only gets firmer with each episode of Indian brutality. India has virtually declared war on Kashmiris. There is not a single Kashmiri family that is not, either directly or indirectly, a victim of the India's State sponsored violence in Kashmir.

The recent report of 'Tribunal for Human Rights and Justice in Indian – administered Kashmir and the Association of Parents of Disappeared Persons -2012' exposes India's hollow claims of being a secular and democratic nation having a responsible and a professional army. The report was prepared over a period of two years by these two notable human rights organizations based in the Kashmir valley. The unearthing of 6000 mass Kashmiri graves in the valley followed by verification of other cases of Indian atrocities on innocent Kashmiris has put a big question mark on secular democratic India.

The report has identified around 500 perpetrators in 214 cases of violence committed against the Kashmiris in the Valley. Amongst those 235 from the Indian army, 123 from paramilitary forces, 111 from Jammu and Kashmir Police and 31 from government personnel have been identified as having supported militants' in their activities. Conspicuous amongst the Indian army perpetrators are two major generals, three brigadiers and ninety other officers ranging from Colonels to captains of the Indian army. Besides these, the other perpetrators identified were 37 senior officials of paramilitary forces, a former and a serving DG of J&K Police. The report also confirms that political and judicial impunity for the civil and military agencies deployed in the valley has resulted in 8000 forced disappearances and 7000 deaths at the hands of Indian armed forces.

The authors of the report have compiled their report from information documented in various court cases, official documents of the Indian government and the state-run agencies in the valley. Ironically, documents in the possession of the State themselves indict the Indian armed forces, paramilitary forces and the police with strong and convincing evidence of their respective roles. The official documents highlight that the impunity fostered by the judicial process has been compounded by the existence of draconian laws in the Kashmir Valley such as Armed Forces Special Powers Act, 1990. The official documents also point towards the fact that India has been traditionally obstructing justice for Kashmiris by willfully dismissing allegations of killings and other violent crimes committed against the personnel of its armed forces.

The fact that the Indian government does not want to address human rights issues in Jammu and Kashmir is reflected from its inaction over a report on unearthing of mass graves in three different parts of the Valley submitted to the State Human Rights Commission on 13th August 2012 by Home Department of J&K. The State also refused to conduct DNA tests of the dead bodies with a plea that in the whole country there are only 15-16 laboratories that can conduct the relevant tests but they will not be able to handle such a huge work load. This unwillingness of the Indian government to proceed ahead with the case of unearthing of mass graves and identify the perpetrators needs a focused attention of the world community. Despite the fact that the available official government documentation do indict the perpetrators in the killings and criminal violence unleashed by the Indian armed forces in the Valley, the Indian government is not permitting prosecution of the members of the armed forces citing the impunity granted to military personnel in Kashmir through Armed Forces Special Powers Act, 1990 (AFSPA). Its refusal to allow the prosecution indicates that the Indian State and its agencies have a direct role in the commission of crimes against the Kashmiri nationals. The mention of official designations of the Indian army personnel in the Tribunal's report for crimes committed by them in the Kashmir Valley and the Indian government's willful resistance to allow their prosecution also indicate Indian government's involvement in these crimes.

In view of India's intransigence on prosecuting the perpetrators of crimes against Kashmiri nationals, there is a moral obligation on the international community to debate the issue in the United Nations Forum and move the security council to punish the Indian military perpetrators of crimes in Kashmir through international criminal courts or military tribunals to put aside general perceptions that it adopts a select approach when it comes to human rights violations in different parts of the world. Whereas, it castigates other countries for alleged human rights violations like China, it must also take on India where the magnitude of human rights violation in occupied Kashmir sometimes crosses the limits of shame.

## संविधानसभा हिजो...

पदावधि पटक-पटक थपेर चार वर्षसम्म पुऱ्याउनुले पनि नेपाली जनता सार्वभौमसत्ता सम्पन्न नभएको प्रमाणित भएको छ । कागजमा सार्वभौमसत्ता सम्पन्न भएको लेखिँदैमा जनता सार्वभौमसत्ता सम्पन्न भएको स्वीकार्न सकिँदैन, त्यो व्यवहारमा देखिनु पर्छ । चार राजनीतिक दलहरूले आउँदो संविधानसभालाई पनि सार्वभौमसत्ता सम्पन्न नबनाउने षड्यन्त्र गरेर अहिलेदेखि नै षड्यन्त्रका तानाबाना बुन्न थालेका छन् । गत शुक्रबार अर्थात् जेष्ठ २४ गते बसेको चार राजनीतिक दलको उच्चस्तरीय राजनीतिक संयन्त्रले अब बन्ने संविधानपछि गठन हुने संसद्को निर्वाचनमा २ देखि ५ प्रतिशतसम्म थ्रेस होल्डको व्यवस्था गर्ने निर्णय गर्नुले संविधानसभा सार्वभौमसत्ता सम्पन्न नभएको प्रमाणित गर्दैन त ?

२०६२/६३ को आन्दोलनपछि गरिएका सबै निर्णयहरू कुनियतले गरिएका थिए । दलहरूले इमान्दारीता देखाएर गरेका निर्णयहरू मात्र जनताका लागि स्वीकार्य हुन सक्छन् । पार्टीगत स्वार्थ र व्यक्तिगत महत्वकांक्षा पूरा गर्ने केही शीर्ष नेताहरूकै कारण हत्या गरिएको संविधानसभामा रहेका जनताका प्रतिनिधिहरूलाई समेत बन्धक बनाइयो । कुनै अँध्यारो कोठामा बसेर केही शीर्ष नेताहरूले गरेका निर्णयहरूलाई स्वीकार गर्न बाध्य बनाइयो । सार्वभौमसत्ता सम्पन्न भनिएको संविधानसभाले पहिले राजाद्वारा पुनर्स्थापना गरिएको तत्कालीन प्रतिनिधिसभाले गरेको निर्णयलाई स्वीकार गर्ने अथवा उसको आदेश पालना गर्ने अखडाका रूपमा विकसित गरियो । यी सबै तथ्यहरूले प्रमाणित गर्दछ, संविधानसभा हिजो पनि सार्वभौमसत्ता सम्पन्न थिएन र भोलि पनि हुँदैन । यदि त्यो सार्वभौमसत्ता सम्पन्न थियो भने किन डा. बाबुराम भट्टराईले संविधानसभाको विघटन गर्दा तत्कालीन संविधानसभाका अध्यक्ष सुवास नेम्वाङले संविधानसभाको बैठक बोलाउन सकेनन् ? प्रधानमन्त्रीलाई संविधानसभाको विघटन गर्ने अधिकार संविधानको कुन धार, उपधारा, दफा र उपदफाहरूले दिएको छ ? अन्तरिम संविधानले संविधानसभाले आफैंले प्रस्ताव पारित गरी समय अगावै संविधानसभाको विघटन गर्न सक्नेछ भन्ने व्यवस्था अन्तरिम संविधानको धारा ६४ मा उल्लेख गरेको छ । असंवैधानिक तरिकाले संविधानसभाको विघटन गर्नु र राष्ट्रपतिले समेत त्यसलाई स्वीकार गर्नुले अहिले मुलुकमा संविधान अनुसार जनताबाहेक अन्य कोही पनि चलेका छैनन् । संविधानलाई आ-आफ्नो स्वार्थअनुसार व्याख्या गर्ने गरिएको हुनाले पछिल्लो समय मुलुक संविधानविहीन अवस्थामा संचालित भएको छ । यी सबै कारणहरूले गर्दा अब हुने संविधानसभाको दोस्रो निर्वाचनपछि आउने जनप्रतिनिधिहरूले समेत संविधान निर्माण गर्दछन् भन्ने विश्वास नेपाली जनतालाई छैन । जबसम्म राजनीतिक दलका नेताहरूमा सकारात्मक सोच रहँदैन तबसम्म संविधान निर्माण हुन सक्दैन ।

*devendrachudal@gmail.com*

"Centrally Located For Your Convenience"

"JUST SIT BACK & AWAIT THE SAFE ARRIVAL OF YOUR GOODS WITHOUT ANY WORRY"

**OUR SERVICE INCLUDES**

- Advice on price and reliable manufacture for the purchase of Garments, Carpets. Handicrafts ets.
- Receiving and handling orders and paying manufacturers during your absence
- Collection and careful packing of your goods.
- All paper work, document ation, customs clearance and delivery of goods.to the airport.
- References available wordwide

RF

**Ritual Freight P. Ltd.**

Thamel, P.O. Box : 10344, Kathmandu, Nepal
Tel : 4251942/4253842, Fax : 977-1-4251842
Email : dilli@rfl.wlink.com.np

# भाकपाको धरापमा भारत

*रोशन कार्की*

नेपालमा माओवादी र प्रजातन्त्रवादीलाई मिलाएर राजतन्त्र, हिन्दूधर्म र नेपाली एकता छिन्नभिन्न पार्न सफल भारतमा माओवादीले हालै घटाएको छत्तीसगढ हत्याकाण्डले भारतलाई नराम्ररी हल्लाइदिएको छ । नेपालमा एकताकेन्द्रलाई समेत मिलाएर एमाओवादी बनाउन र 'अतिवादी' भन्ने आक्षेप लगाउँदै नेकपा–माओवादीलाई फुटाएर प्रचण्ड–बाबुराम–नारायणकाजी समूहलाई आफ्नो पक्षमा पार्न सफल भए पनि भारतमा चर्केको र चम्केको माओवादी जनयुद्धलाई सबैभन्दा ठूलो चूनौति भएको डा.मनमोहन सिंह सरकारले स्वीकार गरेको छ । जेठ ११ गते शनिवार छत्तीसगडमा भाकपा माओवादीले गरेको एम्बुस आक्रमणमा सुरक्षाकर्मीमात्र होइन छत्तीसगढ कांग्रेसका अध्यक्ष नन्दकुमार पाटिल र महेन्द्र कर्मालगायत २८ जनालाई उडाइदिएपछि मनमोहन सरकारको निन्द्रा खुलेको हुनुपर्छ । भारतीय सञ्चारमाध्यमहरूले तिरूपतिदेखि पशुपतिसम्म माओवादी बिद्रोहको रेड करिडरबारे समाचारहरु छापेका छन् । छत्तीसगड 'सुकमा हमला' भारतको केन्द्र दिल्लीका लागि कल्यै बिर्सन नसकिने मुटुमा छेडिएको किलो घटना हुनपुगेको छ ।

नेपालबाट आतंककारी छिरे भनेर गृहसचिव स्तरीय सुरक्षा वार्तामा समेत प्रत्येक ३ किलोमिटर सिमा क्षेत्रमा एसएसबी खटाउने, भारतीय अपराधीलाई भारतमा सुपुर्द गर्नुपर्ने, सिमानामा मदरसाहरु बढेको र मदरसाहरुमा पाकिस्तानी आतंककारी गतिविधि बढेको, नेपाल नक्कली भारू र आतंककारीको ट्रान्जिट प्वाइन्ट बनेको, त्रिभुवन एयरपोर्टको व्यवस्थापन र सुरक्षा भारतलाई दिनुपर्छ भन्ने माग भारतीय गृह सचिवले उठाए । यथार्थ के छ भने भारतीय सरकारकै निर्देशनमा जेलमा रहेका अपराधीलाई प्रयोग गरेर नेपालमा आतंक बढाइरहेको समाचार आइरहेका छन् र भारतीय अपराधीले नेपालमा दिनहुँ आतंककारी कार्य र नक्कली नोटका कारोवार बढाइरहेका छन् ।

भनिन्छ, जसले कालो खान्छ, उसले अंगार ओकल्छ । भारतले नेपालका प्रति कालो काम गरेको छ, भारतमै काला दिनहरु देखिन थालेका छन् । नेपालमा जसरी ०५२ देखि ०६३ सालसम्म आतंककारी बिस्फोटहरु हुनेगर्थे, भारतका माओवादी नेता 'गणपति' को नेतृत्वमा नक्सलपन्थीसमेतले त्यस्तै बिस्फोट, आतंक र हत्याका श्रृंखला चम्काइरहेका छन् । भारतले बुझ्न के सकेन भने बागमतीमा रगत बगेपछि त्यो रगतले गंगा पनि पवित्र हुनसक्दैन । भयो त्यही, नेपालमा राजतन्त्र, धर्म सकियो र संघीयताका नाममा बिखण्डनका श्वरहरु गुञ्जाएर अस्थिरता बढाउन सफल भारत आज त्यही संक्रमणबाट पीडाबोध गर्न थालेको छ । जनयुद्ध कति महगो पर्छ, त्यसको अनुभूति भारतले गर्न थालेजस्तो छ । भारतमा माओवादी बिद्रोहलाई शान्ति प्रकृयामा ल्याउन नेपाली माओवादीलाई १२ बुँदेमा घोप्ट्याएजस्तो सजिलो हुने देखिदैन । छत्तीसगढ बिस्फोट र हत्याकाण्डले भारतको गरिबी, असमानता र अन्याय, हुने र नहुनेबीचको भयानक खाडलका कारण बिद्रोहका लागि दक्षिण एसियाको उर्वर भूमि यही हो भन्ने सन्देश दिएको छ । भारतमा कुनै पनि बेला ठूलै जनविद्रोह र बिस्फोट हुनसक्ने संकेत पनि छत्तीसगढको यो बिस्फोट बनेको अनुमान विज्ञहरुको छ ।

१ सय ३० करोड आवादी भएको भारतमा जति गरिब र धनी संसारमा कहीं पनि छैनन् । भारतमाजति अन्याय र गुण्डाराज पनि अन्त छैन । छत्तीसगढ घटनाले र एमाओवादीका प्रचण्डले हालै भारतमा गरेको भ्रमणमा अतिवादी भनेर आरोपित नेकपा–माओवादीले अर्को जनयुद्धको सुनामी ल्याउन अग्रसर भयो भने त्यसलाई अन्यथा मान्नुपर्ने छैन । किनभने नेपालमा बिभेद, असमानता, छुवाछुत, महिला हिंसा, अन्याय र निषेधको राजनीतिले बिद्रोहको जगलाई बलियो पार्दै लगेको छ । प्रचण्डले दिल्ली छलाङ् मारेको र जनआन्दोलनलाई तुहाएर भ्रष्टाचारमा लिप्त भएको आरोप नेकपा–माओवादीले लगाइरहेको छ । निर्वाचनका लागि पनि यो समूले पार्टी दर्ता गराएको छैन । क्रान्तिको बाँकी काम हामी सम्पन्न गर्छौं भन्ने दावी नेता मोहन वैद्यले गरिरहेको अवस्था छ ।

**भारतीय सञ्चारमाध्यमहरूले तिरूपतिदेखि पशुपतिसम्म माओवादी बिद्रोहको रेड करिडरबारे समाचारहरू छापेका छन् । छत्तीसगड …सुकमा हमला भारतको केन्द्र दिल्लीका लागि कल्यै बिर्सन नसकिने मुटुमा छेडिएको किलो घटना हुनपुगेको छ ।**

यसकारण पनि पशुपति क्षेत्र अर्थात नेपालमा जनबिद्रोहको सम्भावना बढेर गएको छ । यही स्थितिको मूल्यांकन गरेर भारतीय सञ्चारले तिरूपतिदेखि पशुपतिसम्म रेडलाइन देखेका हुनसक्छन् । अत्याचार, शोषण, अराजकता र भ्रष्टाचारबाट मुक्त गर्न कम्युनिष्टले नेपाल र भारत दुबैतिर बिद्रोह अपरिहार्य देखेका हुनसक्छन् र बिद्रोहको आगो फुक्दैछन् ।



# नेपाल विद्युत प्राधिकरण

## माथिल्लो त्रिशुली ३ए जलविद्युत आयोजनाको क्षमता बृद्धि सम्बन्धमा

विगत लामो समयदेखि नेपाल चरम विद्युत संकटबाट गुज्रिरहेको छ। वर्तमान अवस्थामा मुलुकले हिँउदयाममा ५०० मेगावाटभन्दा बढीको र वर्षात्को समयमा समेत केही ऊर्जाको न्यूनता रहने हुँदा लोडसेडिङ अपरिहार्य रूपमा गर्नु परेको छ। यो संकटबाट छुटकारा पाउन अब द्रुत गतिमा विद्युत विकासको स्तरोन्नति र चुहावट न्यूनीकरण गर्न आवश्यक रहेको छ। यसै सन्दर्भमा माथिल्लो त्रिशुली ३ए ज.वि.आ. लाई समेत उच्च प्राथमिकता राखेर विकास गरिँदैछ।

नेपाललाई पहिलो पटक चीनको एक्जिम बैंकबाट प्राप्त हुने १२० मिलियन अमेरिकी डलरको सहुलियतपूर्ण ऋण उपयोग गरी हाल ६० मे.वा. क्षमताको यो आयोजना अघि बढाइएको थियो।

प्रारम्भमा माथिल्लो त्रिशुली ३ए जलविद्युत आयोजना आ.व. ०६२/६३ मा शुरु भई आ.व. ०७१/७२ मा सम्पन्न हुने लक्ष्य राखिएको थियो। आयोजनाको सिभिल/इलेक्ट्रोमेकानिकल/हाइड्रोमेकानिकल निर्माण कार्य विभिन्न कार्यविधिगत कारणबाट केबल जून १, २०११ मा मात्र शुरु गर्न सकियो। निर्माण कार्यसूचीको प्रारम्भिक अवस्थामा उक्त आयोजना मे ३१, २०१४ मा सम्पन्न हुनु पर्ने गरी **Project Appraisal** भएको थियो। तर हालसम्मको प्रगति करिब २१% मात्र रहेको सन्दर्भमा निर्माण कार्य ढिलो हुनुको विभिन्न कारणहरुमध्ये ठेकेदारको ढिलाईको कारण समेतले आयोजनाको प्रगति त्यति उत्साहप्रद हुन सकेन। ढिलाइ हुनुको कारणमा मूलतः निर्माण कार्यमा उत्पन्न स्थानीय व्यवधान, ड्रइङ स्वीकृतिमा ढिलाई, जग्गा प्राप्ति र पहुँचमार्ग निर्माणको जटिलता लगायत **Muck** फाल्ने स्थानाभाव, बन्द हड्ताल र स्थानीय नागरिकका माग तथा गुनासो आदि रहेका छन्। यिनै उल्लेखित कारणबाट ठेकेदारले जून २०१३ मा पेश गरेको निर्माण कार्य तालिकामा फेब्रुअरी २०१६ मा मात्र निर्माण सम्पन्न हुने उल्लेख गरेको र निजले फेब्रुअरी २०१६ मा मात्र आयोजना सम्पन्न हुने गरी **Construction Program** आयोजनामा पेश गरेको हालको यथार्थ अवस्था हो। प्रस्तुत पृष्ठभूमिमा परामर्शदाताबाट प्राप्त राय अनुसार समेत अहिलेको अवस्थामा ६० मेगावाटको निर्माण कार्य पुरा गर्न पनि थप २१ महिना लाग्ने अवस्था देखिएको छ। अर्थात् फेब्रुअरी २०१६ मा मात्र ६० मेगावाटको निर्माण कार्य सम्पन्न हुने देखिन्छ।

माथिल्लो त्रिशुली ३ए को मौजुदा डिजाईन पानीको Q70 बहावको आधारमा भएको छ जुन उपलब्ध पानीको **Optimum** उपयोग होइन। चरम ऊर्जा संकट सम्बोधन गर्न नेपाल सरकारद्वारा घोषणा गरिएको "ऊर्जा संकटकाल"ले हाल सञ्चालनमा रहेका विभिन्न आयोजनाहरुलाई Q40 को डिजाईन बहावको आधारमा स्तरोन्नती गर्ने सरकारी नीति तत्काल कायम रहेको छ। त्रिशुली नदीमा उपलब्ध पानीको अधिकतम उपयोग गर्ने समेतको उद्देश्य लिई ठेकेदारले यस आयोजनाको उन्नत तथा उपयोगी डिजाइन गरी हाल निर्धारित ६० मे.वा. क्षमतालाई अभिबृद्धि गरी ९० मे.वा. पुर्‍याउने बारे सम्भाव्यता अध्ययन सम्पन्न गरी २३ मार्च २०११ मा ने.वि.प्रा. समक्ष एउटा प्रस्ताव प्रस्तुत गरेको थियो। प्राप्त क्षमता अभिबृद्धिको प्रस्ताव त्रिशुली नदीको पानीको अधिकतम उपयोग हुनेगरी Q52 को वहावमा डिजाइन गर्ने भनिएको छ।

माथिल्लो त्रिशुली ३ए जलविद्युत आयोजनाको यो अभिबृद्धिले यसभन्दा तल निर्माण गरिने त्रिशुली ३बी को क्षमता समेत हाल निर्धारित ३७ मे.वा.बाट बृद्धि भई ५५ मे.वा. पुग्न सक्ने देखिन्छ। यसरी क्षमता बृद्धि गरिंदा उपलब्ध जलस्रोतको अधिकतम उपयोग हुन गई चरम ऊर्जा संकट झेलिरहेको अहिलेको अवस्थामा यसबाट केही मात्रामा भए पनि राहत हुने कुरामा शंका गर्नुपर्ने अवस्था होइन। त्रिशुली ३ए को क्षमता उच्चतम हुने गरी अभिबृद्धि गर्नुपर्ने स्थानीय जनताको समेत माग रहिआएको छ। क्षमता अभिबृद्धि सम्बन्धी प्रस्ताव कार्यान्वयनमा जाँदा सहज परिस्थिति निर्माण हुन सक्ने देखिन्छ। स्थानीय जनताको माग सम्बोधन भएमा आयोजना निर्माण सहज हुन गई समयमै आयोजना सम्पन्न हुने देखिन्छ भने अर्कोतर्फ यसबाट चरम ऊर्जा संकटलाई न्यूनीकरण गर्ने एउटा सशक्त उपायको रुपमा समेत यस कार्यलाई मान्न सकिन्छ।

यस आयोजनाको क्षमता वृद्धिपश्चात् नेपालको विद्युत प्रणालीमा ३० मे.वा. थप विद्युत शक्ति उपलब्ध हुनेछ। यसबाट विद्युतको माग तथा आपूर्ति वीचको ठूलो असन्तुलनलाई केही मात्रामा भए पनि कम गर्न सकिनेछ। आयोजनास्थलबाट विद्युत माग केन्द्र (काठमाडौं उपत्यका) नजिक रहेकोले क्षमता अभिबृद्धि पश्चात प्राप्त हुने विद्युत प्रसारण गर्दा प्राविधिक चुहावटसमेत कम हुनेछ भने काठमाडौं उपत्यकाबासीलाई यसबाट केही राहत अवश्य मिल्नेछ।

मौजुदा Q70 लाई Q52 मा रुपान्तरण गर्दा त्यसबाट आयोजनाको क्षमता अभिबृद्धि भई थप १४८ गिगावाटघण्टा ऊर्जा उत्पादन हुने देखिन्छ। यो उल्लेखनीय परिमाण हो भने यसले सुख्खायाममा समेत २४.५ गिगावाटघण्टा थप ऊर्जा उत्पादन गर्न सक्छ। हाल कतिपय आयोजनाहरु Q40 मा डिजाइन गरी कार्यान्वयनका लागि अगाडि आएका छन्। यस्तै माथिल्लो तामाकोशीको Q32 मा डिजाइन गरी आन्तरिक मागको आपूर्ति गर्ने सिलसिलामा निर्माणाधीन अवस्थामा छ। यस परिस्थितिमा प्रस्तुत आयोजनालाई केवल Q70 मा मात्रै सीमित गर्नु वास्तवमा उपलब्ध स्रोतको समयोचित उपयोग किमार्थ होइन।

हाल निर्धारित ६० मे.वा. क्षमताको लागि निर्माण गरिने हेडवर्क्स तथा प्रसारण लाईनहरुमा कुनै किसिमको स्तरोन्नती अथवा फेरवदल गर्नुपर्दैन। यस अर्थमा पनि क्षमता अभिवृद्धि थप आकर्षणको विषय बनेको हो। इनटेक, थिग्रेनी **Pond**, सुरुङ, विद्युतगृह तथा इलेक्ट्रोमेकानिकल उपकरणहरुको डिजाइनमा मात्र मनासिव फेरवदल गर्नुपर्ने हुन्छ। निर्माण भइसकेका संरचनाहरु कुनै पनि भत्काउनु नपर्ने र सम्भाव्य जोखिम समेत नदेखिएको पृष्ठभूमिमा ९० मे.वा. क्षमतामा विकास गर्नु आफैमा एउटा अतुलनीय फाइदा हो।

नेपालको विद्यमान सामाजिक, आर्थिक, राजनैतिक जटिल अवस्था तथा हालसम्म आयोजना संचालन गर्दा देखिएका मूलभूत समस्याहरुका आधारमा प्रस्तुत आयोजनालाई हेर्दा ९० मे.वा. मा क्षमता अभिवृद्धि गर्ने सम्झौता गर्दा सम्झौता सम्पन्न भएको मितिदेखि जम्मा ३५ महिनामा पुरा गर्ने प्रस्तावले केवल थप ३ महिनाको समयावधिमा थप ३० मे.वा. को ऊर्जा प्राप्त गर्न सकिने देखिएको छ। सामान्यतयाः ३० मेगावाट क्षमताको जलविद्युत आयोजना सम्पन्न गर्न न्यूनतम ४/५ वर्ष लाग्ने देखिएको नै छ। माथि उल्लेख भए अनुसार हेडवर्क्स तथा प्रसारण लाईनमा कुनै फेरवदल गर्नु नपर्ने भएकाले धेरै समय नलाग्ने भएको हो। अर्थात् ६० मे.वा.को लागि थप माग गरिएको समय २०१६ फेब्रुअरी भन्दा ३ महिना बढी अर्थात् २०१६ मे सम्म ९० मे.वा.को काम पुरा गर्ने परामर्शदाताबाट समेत प्रस्ताव पेश भइसकेको छ।

हाल निर्धारित ६० मे.वा. को लागि अमेरिकी डलर ८९.१८ मिलियनमा ठेक्का सम्झौता भएको सन्दर्भमा क्षमता अभिबृद्धि गरी ९० मे.वा. कायम गर्न ठेकेदारबाट अमेरिकी डलर १३२ मिलियनको आर्थिक प्रस्ताव पेश भएको छ। यस थप ३० मे.वा. को लागत सोही क्षमताको नयाँ आयोजना निर्माण गर्ने लागत भन्दा आर्थिक रुपमा अत्यधिक न्यून र समय बचत समेत हुने देखिन्छ। ९० मे.वा. को लागत प्रति कि.वा. अमेरिकी डलर १४६६ एवं सो बाट उत्पादन हुने ऊर्जा करिब रु. २.७० प्रति यूनिट पर्ने देखिन्छ। जुन प्रचलित लागत मूल्यको तुलनामा हालसम्म नेपाल विद्युत प्राधिकरणबाट उत्पादन भइसकेको तथा भइरहेकोमा भन्दा अत्यन्तै न्यून हो।

### ने.वि.प्रा. ले हाल विद्युत खरिद सम्झौता गरेका आयोजनाहरुको उत्पादित विद्युतको खरिद दरबाट पनि प्रस्तुत प्रसंग प्रमाणित हुन्छ। उदाहरणको लागि-

- माथिल्लो तामाकोशी ($Q_{32}$): रु ४.०६ प्रति यूनिट– **(Escalation of 3% annually for 9 yrs** जस अनुसार ने.वि.प्रा. ले **Escalation** पछि कुल रु. ५.१६ प्रति यूनिट भुक्तानी गर्नुपर्ने।)
- नीजिक्षेत्रका आयोजनाहरु ($Q_{40}$) : रु. ४.८० प्रति यूनिट (वर्षायाममा) र रु. ८.४० प्रति यूनिट (सुख्खायाममा) **(Escalation of 3% annually for 9 yrs** जस अनुसार ने.वि.प्रा. ले Escalation पछि कुल रु. ५.५२ प्रति यूनिट वर्षायाममा र रु. ९.६६ प्रति यूनिट सख्खायाममा भुक्तानी गर्नु पर्ने।)
- **भारतबाट खरिद दर, खिम्तीबाट खरिद दर र भोटेकोशीको खरिद दरहरु त्रिशुली ३ए ९० मे.वा.को प्रति युनिट लागत रु. २.७० भन्दा धेरै रहेको छ।**
- माथिल्लो त्रिशुली ३ए (९० मे.वा.) को ऊर्जा लागत : रु.२.७० प्रति यूनिट पर्ने र यो आयोजना ने.वि.प्रा. को आफ्नै भएकोले कुनै **Escalation** नहुने।

### केही निर्माणाधीन आयोजना तथा सम्पन्न आयोजनाहरुको लागत यस प्रकारको रहेको छ :

| क्र.सं. | आयोजना क्षमता | अनुमानित लागत प्रति कि.वा.(अमेरिकी डलर) |
|---|---|---|
| १ | माथिल्लो त्रिशुली ३ए जलविद्युत आयोजना ९० मे.वा. | १४६६ |
| २. | राहुघाट जलविद्युत आयोजना ३० मे.वा. | १७०० |
| ३. | कुलेखानी तेश्रो जलविद्युत आयोजना १४ मे.वा. | २००० |
| ४. | कालीगण्डकी जलविद्युत आयोजना १४४ मे.वा. | ३५०० |
| ५. | चमेलिया जलविद्युत आयोजना ३० मे.वा. | ५३०० |
| ६. | मध्यमर्स्याङ्दी जलविद्युत आयोजना ७० मे.वा. | ५५०० |

९० मे.वा. आयोजनाको **B/C Ratio** १.८९ र **EIRR** १९% रहेको छ। यसको **Pay Back Period** लगभग चार वर्षको हुने छ भने ३० मे.वा. थप गर्दा नेपाल विद्युत प्राधिकरणलाई ६० मे.वा.भन्दा थप वार्षिक आय करिब ९० करोड र नेपाल सरकारलाई थप वार्षिक राजश्व करिब २४ करोड प्राप्त हुनेछ। साथै ९० मे.वा.मा क्षमता अभिवृद्धि गर्दा ५० वर्षमा नेपाल सरकारलाई थप करिब १२ अर्बको राजश्व प्राप्त हुने देखिन्छ।

आयोजनाको क्षमता वृद्धि गरेको अवस्थामा पनि कार्यादेश पाएको मितिबाट ३५ महिनामा निर्माण कार्य सम्पन्न गर्ने ठेकेदारले आफ्नो प्रस्तावमा उल्लेख गरेको छ। यसरी क्षमता वृद्धि गरेको खण्डमा आयोजना तीन महिना मात्र ढिलो गरी सम्पन्न हुने हुँदा समयको तुलनात्मक विश्लेषण गर्दा न्यूनतम समयमा ३० मे.वा. विद्युत प्राप्त हुनेलाई अवसरको रुपमा लिन सकिन्छ।

६० मेगावाटबाट वार्षिक रुपमा ४९० गिगावाट आवर युनिट र ९० मेगावाटबाट ६५१ गिगावाट आवर युनिट पावर खपत कट्टा गरी प्राप्त हुने छ। अहिलेको ८.१० रु. प्रति युनिटको हिसाबले ६० मेगावाटबाट वार्षिक रुपमा रु. ३ अर्ब ७३ करोड र ९० मेगावाट क्षमताबाट वार्षिक रुपमा रु. ४ अर्ब ९६ करोड आम्दानी हुन्छ। ३ महिनामात्र आयोजना ढिलो हुँदा ६० मेगावाटबाट करिब ९३ करोड **Revenue Loss** हुने देखिन्छ। उक्त **Loss** ९० मेगावाटबाट ९ महिनामा **Recover** हुन्छ। यसको प्रतिफल दर १९% भएकोले अन्य आयोजनाभन्दा आकर्षक छ।

**ने.वि.प्रा. को प्रणालीलाई टेवा :** यसरी प्राप्त हुने थप ३० मे.वा. को ऊर्जाले वर्षायाममा विद्यमान कूलेखानी जलाशययूक्त आयोजनामा भार कम गर्न मद्दत पुर्‍याउँछ। फलतः कुलेखानीको जलाशयमा वर्षाद्मा जम्मा हुने पानीलाई सुख्खायाममा प्रयोग गर्न सकिन्छ। यसबाट सुख्खायाममा ने.वि.प्रा. को प्रणालीमा केही सुधार भै लोडसेडिङ्गमा केही कमी आउनुका साथै सुख्खायाममा भारतबाट अत्यन्त महँगो मूल्यमा आयात गरिने ऊर्जा र डीजल प्लान्टबाट उत्पादिन ऊर्जामा कटौती भई देशको विदेशी मुद्रा संचिति र आयातमा समेत अनुकूल प्रभाव पर्नेछ। खिम्ती ढल्केवर प्रसारण लाइन पूरा भएपछि माथिल्लो तामाकोशी, खिम्ती, भोटेकोशी लगायतका उत्पादन पूर्वमा प्रसार गर्न सकिने हुँदा त्रिशुली ३ए को क्षमता वृद्धि गर्दा जगेडा **(Spill)** बिजुली रहँदैन।

९० मेगावाट क्षमतामा आयोजना अभिवृद्धि गर्दा ३०/३० मेगावाटका तीनवटा जेनेरेटर टरवाईन जडान हुन्छन्। संचालन सम्भारको दृष्टिकोणबाट हेर्दा दुईवटा यूनिटहरु भन्दा तीनवटा यूनिटहरु उपयुक्त हुन्छन्। हाल निर्धारित ६० मे.वा. मा ३०/३० का दुईवटा यूनिटहरु जडान गरिन्छन्। सुख्खा याममा प्राप्त हुने पानीको न्यूनतम वहावको बेला करिब ४४ मे.वा. विद्युत उत्पादन हुँदा दुई वटा ३० मे.वा.को टरवाइनहरुको आवश्यकता हुन्छ र एउटा टरवाइन मर्मत गर्दा कम्तिमा १४ मे.वा. बराबरको पानी खेर जाने अवस्था छ। तीन वटा ३० मे.वा. को टरवाइन रहँदा एउटा टरवाइन मर्मतको लागि उपलब्ध हुँदा सुख्खायामको बहुमूल्य पानी खेर नगई उपयोग गर्न सकिन्छ।

देशमा विद्यमान विकराल विद्युत ऊर्जा संकटलाई न्यूनीकरण गर्न राष्ट्रिय विद्युत प्रणालीको लागि थप हुने प्रत्येक मेगावाटको उत्पादनको ठूलो महत्व रहेको छ। यसर्थ, यथासक्य चाँडो र सक्दो परिमाणमा विद्युत शक्ति उत्पादन गरी प्रणालीमा जोड्नु अहिलेको प्रमुख राष्ट्रिय आवश्यकता हो। नयाँ नयाँ आयोजनाहरु पहिचान गरी, वित्तीय ब्यवस्था मिलाई निर्माण सम्पन्न गर्न अत्यन्त लामो समय लाग्ने पृष्ठभूमिमा निर्माण चरणमा गईसकेको माथिल्लो त्रिशुली ३ए जल विद्युत आयोजनाको डिजाइनमा केहि हेरफेर गरी केवल थप ३ महिनाभित्र र प्रचलित लागत भन्दा कम मूल्यमा थप ३० मे.वा. विद्युत शक्ति हासिल गर्नु राष्ट्रिय आवश्यकताको दृष्टिकोणमा युक्तिसंगत, औचित्यपूर्ण र न्यायोचित समेत छ। आन्तरिक खपत वा ऊर्जा निकासी समेतका लागि निर्माण हुने आयोजनाहरुले उपलब्ध जलस्रोतको अधिकतम सदुपयोग गर्नु पर्ने भएको सन्दर्भमा प्राविधिक, आर्थिक, समय र तुलनात्मक लाभको दृष्टिबाट समेत ९० मेगावाटमा क्षमता अभिवृद्धि गरी माथिल्लो त्रिशुली ३ए जलविद्युत आयोजनाको कार्य अघि बढाउनु आजको राष्ट्रिय आवश्यकता समेत हो। यसै पृष्ठभूमिमा रहेर नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिले मिति २०७०/२/१७ गते ९० मेगावाट क्षमता अभिवृद्धि गरी आयोजना विकास गर्ने दृढ निश्चयका साथ निर्णय लिएको छ।

# नेपालप्रति छिमेकीको चासो बढ्दै

*वीरेन्द्र केएम*

भनिन्छ, नेपाल दुई चट्टानबिचको तरूल हो । तर यसको फाईदा के त ? यो भने अझै पनि खोजीको विषय बन्न सकेको छैन । नेपालको दुई छिमेकी मुलुक भारत र चिन आफैमा विशाल मुलुकहरु हुन । भारत र चिन विश्वमा अलगै पहिचान अनि अलगै अस्तित्व बोकेका मुलुकहरु पनि हुन । तसर्थ पनि यस अवस्थामा नेपालले धेरै फाइदा लिनु पर्ने हो ।

केही दिन अगाडी लद्दाख सिमा विवादमा दुवै तर्फ सिमामा आफ्नो सैनिक तैनाथ गरेर तनावमा देखिएका दुइ छिमेकी देश भारत र चीनबिच आश्चर्यजनक रूपमा सम्बन्ध सुधारका संकेतहरु देखिएका छन् । चिनियाँ प्रधानमन्त्रीको नयाँदिल्ली भ्रमणका बेला भारतीय प्रधानमन्त्रीले सिमा विवाद समाधान गर्न सहमति बनेको कुरा सार्वजनिक गरे पनि चिनियाँ राष्ट्रपति जिनपिनले मार्च १९ मा बेइजिङमा व्यक्त गरेको औपचारिक धारणालाई आधार मान्ने हो भने दुवैबीच सीमा विवाद सल्टाउने कुरा सहज छैन अहिले तत्काले । किनकी भारतले सन् १९६२ को युद्धको समयमा चीनले कब्जा गरेका भूभागहरूलाई फिर्ता गर्ने अडान औपचारिक रूपमा परित्याग गरेको छैन र चीनले पनि सीमा विवादमा आफूलाई पछाडि हटाएको छैन ।

यद्यपी कुटनीतिक रूपमा चिनियाँ प्रधानमन्त्री र भारतीय प्रधानमन्त्रीको दिल्ली वार्ता र उनीहरूले सम्झौता गरेको ८ बुँदाले विश्वको आर्थिक तथा सामरिक क्षेत्रमा उदाएका दुई एसियाली देशबीचको निकट ल्याउने केही हदसम्मको कोशिस गरेको देखिन्छ । तर नयाँदिल्लीका सैनिक योजनाकारहरु चीनले पाकिस्तानलाई आणविक रियाक्टरमा गर्ने सहयोगलाई गम्भीरतापूर्वक लिन्छन् । किनकी आजका दिनसम्म पनि राजनीतिक अस्थिरतामा जकडिएको पाकिस्तानको आणविक भट्टी दक्षिण एसियाकै लागि खतरा बन्न सक्छ भन्ने कुरामा सुरक्षा मामिलाका एसियाली विज्ञहरु परिचित छन् । त्यसो हुनुको कारण पाकिस्तानमा बढिरहेको धार्मिक अतिवाद र त्यसले लिएको आतंकवादी बाटो हो भने पाकिस्तान र अफगानिस्तानको सम्बन्धले पनि नयाँदिल्ली र बेइजिङलाई प्रभावित नगरिरहन सक्दैन । तर सुखद कुरा के हो भने यस पटक दुवै देशका प्रधानमन्त्री अर्थशास्त्रका ज्ञाता भएका कारण उनीहरूले एक आपसमा सहजताका साथ नयाँदिल्लीमा आर्थिक हितका बारेमा पनि वार्ता गरेका छन्, यो सकारात्मक हो । भारतीय सञ्चारमाध्यमहरूले उच्च महत्व दिएको चिनियाँ प्रधानमन्त्रीको नयाँदिल्ली भ्रमणलाई स्वयं चिनियाँ प्रधानमन्त्रीले पनि उच्च महत्व दिएको सार्वजनिक अभिव्यक्ति दिएका छन् । उनले आफ्नो विदेश भ्रमणको पहिलो स्थान नयाँदिल्ली रोजेर चीन र भारतबीच सम्बन्धमा नयाँ आयाम थप्ने कोशिस गरेको उल्लेख गरेका छन् । तर वास्तविक कुरा के हो भने एसियाका आर्थिक शक्ति अहिले सामरिक होडबाजीमा पनि अगाडि बढिरहेको र चीनको पछिल्लो रणनीति छिमेकीहरूलाई लिएर बदलिएको पुष्टि भइरहेको अवस्थामा कुटनीतिक शब्दावलीहरु जति नरम भए पनि व्यवहारमा त्यो देखिएको अवस्थाको आकलन गर्नु हतार हुनेछ कुटनीतिक रूपमा । भारतको भ्रमणमा रहेका चिनियाँ प्रधानमन्त्री ली कचियाङले भारतसँग विश्वासको वातावरण निर्माण गर्ने दृढता व्यक्त गर्दै विश्वको शान्तिका लागि एसियाका दुई ठूला मुलुकबीच सम्बन्ध सुमधुर रहनु अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गर्दै मंगलबार उनी नयाँदिल्लीबाट मुम्बई प्रस्थान गरेका छन् । भारतीय प्रधानमन्त्री मनमोहन सिंहका साथमा उनले चीनले भारतसँग सहयोगको सम्बन्ध विस्तार गर्न चाहेको र आफ्नो भारतको रूपमा पहिलो विदेश भ्रमणले बेइजिङले दिल्लीसँगको सम्बन्धलाई महत्व दिएको स्पष्ट गरे । आजको एसियाको अर्थतन्त्रको कुरा गर्ने हो भने चीनसँगको व्यापारमा भारतले ठूलो व्यापारघाटा भोगिरहेको अवस्था छ । आर्थिक रूपमा उदाइरहेको चीनले आफ्नो बजारका बारेमा चासो लिनु अस्वभाविक होइन् । चीन भारतको दोस्रो ठूलो व्यापारिक साझेदार हो, आजका दिनमा । गत वर्ष यी दुई मुलुकबीच ६६.५ अर्ब अमेरिकी डलर बराबर व्यापार भएको थियो । चिनियाँ वाणिज्यमन्त्री जियाङ याओपिङले सन् २०१५ मा दुई मुलुकबीचको व्यापार १०० अर्ब पुग्ने अनुमान गरेका थिए । सन् २०११ मा यो व्यापार ७४ अर्ब अमेरिकी डलर बराबर भएका थियो । भारतको चीनसँगको व्यापार घाटा २९ अर्ब अमेरिकी डलर रहेको छ ।

ह□दिल्लीस्थित पत्रकारहरु लेख्छन्– जति बेला भारतीय प्रधानमन्त्री चिनियाँ प्रधानमन्त्रीको स्वागत गरिरहेका थिए दुवैको अनुहारमा अनौठो मन्द मुस्कान थियो उनीहरु दुवैका बीचमा अर्थशास्त्रको राम्रो ज्ञान भएका कारण पनि एसियाका आर्थिक शक्तिका रूपमा अगाडि बढिरहेको दुवै देशका बारेमा रहेका समानताका बारेमा एकअर्कासँग दुवै प्रधानमन्त्रीले सद्भाव साटिरहेका थिए । भारतीय प्रधानमन्त्रीले उक्त अवसरमा भने हामी दुवै देश आफ्ना देशका प्रतिनिधिहरूलाई निरन्तर वार्तामा सहभागि हुन प्रेरित गर्न सहमत भएका छौँ । सन् १९६२ मा चीनले भारतविरूद्ध युद्धको घोषणा गरेको थियो । नयाँ दिल्लीले त्यो युद्धमा चीनको भुभागमा परेका क्षेत्रहरूलाई अहिले पनि दाबी गरिरहेको छ भने चीनले त्यो क्षेत्रलाई आफ्नै भनिरहेको अवस्था छ । पछिल्लो दिनको चिनियाँ प्रधानमन्त्रीको भारत भ्रमणलाई विश्लेषकहरु आश्चर्यको रूपमा हेरिरहेका छन् ।

भारतले पछिल्लो दिनमा आफ्नो सैन्य शक्ति बढाएकोमा चीनले त्यसलाई नजर लगाइरहेको हुनसक्छ, त्यसको प्रतिक्रिया , चिनियाँ प्रधानमन्त्रीको आश्चर्यजनक नयाँदिल्ली भ्रमण जुन उनको विदेश यात्राको पहिलो भूमि रहेको छ । आजका दिनमा धरातलको कुरा के हो भने दुवै देश बिचको सिमा विवादले अर्थतन्त्रमा नकारात्मक प्रभाव भने पारेको छ । त्यसो त भारतीय प्रधानमन्त्री डा. मनमोहन सिंहले आइतबार रातिको एउटा अनौपचारिक कार्यक्रममा आफूले चिनियाँ प्रधानमन्त्रीलाई सिमा क्षेत्रमा चिनियाँ सेनाको उपस्थितिले नकारात्मक प्रभाव पार्ने कुरा स्पष्ट गरेको जानकारी दिएका थिए । भारतीय प्रधानमन्त्रीले आफ्नो तर्फबाट चीनसँग उसको बजेट घाटाको कुरा मात्रै उठाएनन् व्यापार तथा लगानी वृद्धिको कुरा पनि उठाए । भारतीय प्रधानमन्त्रीले भारतको उत्तर पूर्वी क्षेत्र बङ्गलादेश र म्यानमारको कुरा समेत वार्तामा छलफल गरे । दुवै देशले दक्षिण पूर्वी एशियाली देशका बारेमा पनि कुरा गरेका थिए । उनीहरूले लगानीका क्षेत्रहरु विस्तार गर्ने लगायत ८ बुँदे सहयोगका क्षेत्रमा पनि हस्ताक्षर गरेका छन् ।

भारतीय प्रधानमन्त्रीले चिनिया प्रधानमन्त्रीद्वारा दिएको भारत भ्रमणको निमन्त्रणा पनि स्वीकार गरेको बताएका छन् । विश्लेषकहरु भन्छन्– पछिल्लो दिनमा तनाब बढिरहेकै बेलामा पनि चिनिया प्रधानमन्त्रीले भारत भ्रमण गर्नुको उद्देश्य धेरै हुन सक्छन् । यद्यपी देखिएको कुरा के हो भने दुवै देश आफ्ना स्वार्थहरूको रक्षा गर्ने कुरामा गम्भिर छन् भने उनीहरूले आफ्ना छिमेकका बारेमा देखाएको चासो पनि अर्थपूर्ण रहेको छ । तर नयाँ दिल्लीका केही विश्लेषकहरु चीनले पाकिस्तानलाई भारतका विरूद्ध उकासिरहेको अवस्थामा भारतले पनि तिब्बतका धर्म गुरु दलाई लामालाई चीनले चाहेकै शैलीमा अपमानित गर्न सक्दैन । पछिल्लो दिनको सर्वेक्षणले त्यो कुरा स्पष्ट गरेको छ भने बेइजिङले पाकिस्तान र अफगानिस्तानका बारेमा लिने रणनीतिक पहलले नयाँदिल्लीको ध्यान खिच्न सक्छ । अमेरिकाको पाकिस्तान नीतिसँग मात्र होइन् उसले लिएको एसियाली बजार नीतिबाट भारतका सुरक्षा विज्ञहरु खुशी देखिदैनन् ।

*– मधेश दर्पण फिचर सेवा*

# इजिप्टमा सामाजिक सञ्जालमाथि कालो बादल

*आडम मोरों र खालिद माउसा अल-ओमरानी*

कायरो । इजिप्टका पूर्व राष्ट्रपति होस्नी मुबारकको शासनकाल समाप्त गर्ने सन्दर्भमा ठूल्ठूला सडक प्रदर्शन आयोजनामा सहायता गर्ने सामाजिक सञ्जाल नेटवर्कहरूको भूमिका दुई वर्षपछि नै ओझेलमा पर्न थालेको छ । आजभोलि यी सञ्जालहरु उक्साहट, भ्रम सृजना गर्ने र गलत सूचना प्रवाह गर्ने मञ्चमा परिणत भएका छन् ।

"मुबारकको सत्ता समाप्तिमा आमजनतालाई एकताबद्ध गर्न अधिकारकर्मीहरूले प्रयोग गर्ने ती सामाजिक सञ्जालहरु अल्पकालीन राजनीतिक लक्ष्य हासिल गर्न, जनमतलाई तोडमरोड गर्न र हिंसार्त मानिसलाई उक्साउन प्रयोग हुन थालेका छन्," कायरोस्थित अल-अहराम राजनीतिक तथा रणनीतिक अध्ययन केन्द्रका सामाजिक सञ्जाल विज्ञ आदिल अब्देल-सादीकले आईपीएसलाई बताए ।

सन् २०११ को सुरूमा १८-दिने तेहरिर स्क्वाएर आन्दोलनका अवधिमा सामाजिक सञ्जाल वेबसाइटहरु खासगरी ट्वीटर र ेसबुकले विपक्षीहरूका ठूल्ठूला जुलुस प्रदर्शन गर्न मानिसलाई उत्प्रेरित गरेका थिए । ती सञ्जालले राजनीतिक मागलाई अभिव्यक्त गर्न मञ्च पनि उपलब्ध गराएका थिए ।

"सञ्चार माध्यमको यो नवीन रूपले एकैपटक विभिन्न स्थानमा हजारौं प्रदर्शनकारीलाई परिचालन गर्न पनि अतिआवश्यक थियो," अग्रणी इजिप्सेली राजनीतिक विश्लेषक अम्मार अलि हसनले बताए । "यी माध्यमका कारण सूचना र समाचारहरूका लागि आधिकारिक सरकारी च्यानलमा निर्भर रहनुपर्ने बाध्यता हटेको थियो ।"

आन्दोलनयताका दुई वर्षपछि नै तिनै सामाजिक सञ्जाल वेबसाइटहरूले सार्वजनिक बहसका नियमित स्रोतका रूपमा भूमिका निर्वाह गरिआएका थिए । उदाहरणका लागि, गत वर्ष राष्ट्रपति मोहम्मद मोर्सी निर्वाचित हुनुअघि इजिप्टको शासनसत्ता हातमा लिएको इजिप्टको सर्वोच्च सैनिक परिषद्ले ेसबुक मा'त नै आधिकारिक वक्तव्य र घोषणाहरु जारी गर्नेक्रमलाई निरन्तरता दिएको थियो । "सामाजिक सञ्जालहरूले अहिले भने बढी मात्रामा विध्वंसात्मक भूमिका निर्वाह गर्न थालेका छन्," सादीकले बताए । "क्रान्तिका दिनहरूमा इजिप्टका राजनीतिकरूपमा सक्रिय वर्गले ेसबुकलाई सञ्चारको सर्वाधिक महत्वपूर्ण साधनको रूपमा रूचाएका थिए," आदिल-सादीकले भने । "तत्कालीन सैनिक परिषद्ले यो वस्तुतथ्यलाई मनन गरी जनतासँग यो नयाँ मिडिया मा'त नै सञ्चार स्थापित गरेको थियो ।"

आजको आधुनिक र निकै लोकप्रिय आन्दोलनमा सहयोगी बनेको भनेर चर्चा कमाएको त्यही सामाजिक सञ्जालको मुहार क्रान्तिपछिका दिनमा कालो बादलले ढाकेको छ ।

"सामाजिक सञ्जालले आजभोलि निकै विध्वंसात्मक भूमिका निर्वाह गरिरहेको छ, प्रायः क्रोध र शत्रुतालाई उत्तेजित बनाउन र अप्रमाणित भ्रम ैलाउन प्रयोग गरिएको छ," अब्देल-सादीक भन्छन् । "क्रान्तियता हामीले यी सामाजिक सञ्जाललाई प्रहरीविरूद्ध, ईस्लामी समूहका विपक्षमा रहेका दलहरु तथा मुस्लिममा क्रिश्चियनविरूद्ध हिंसा भड्काउन प्रयोग गरेको पाएका छौं ।"

आब्देल-सादीक हिंसा भड्काउने कुत्सित मनसाय राखेर अनलाइनमा गलत रिपोर्टहरु आएका धेरैवटा उदाहरण प्रस्तुत गर्छन् । "अज्ञात प्रयोगकर्ताले अनलाइनमा सामग्री राख्छन्, जुन असत्य हुन्छ । उदाहरणका लागि, त्यो पोस्टमा भनिएको थियो कि सुरक्षा'ौजले निहत्था नागरिकमाथि जथाभावी गोली चलाइरहेको छ वा मुस्लिमहरूले क्रिश्चियनमाथि आक्रमण गरिरहेका छन्," उनले बताए । "एकपटक यस्तो भएपछि पुनः यस्ता घटनालाई सामान्यरूपमा लिन थालियो । सामाजिक सञ्जालकै माध्यमको प्रयोग गरेर खासखास ठाउँहरूमा क्रुद्ध प्रदर्शनकारीलाई भेला गर्न थालियो जुन हिंसात्मक झडपका निम्ति मलिलो भूमिमा रूपान्तरण भयो," अब्देल-सादीक भन्छन् ।

क्रान्तिपछि लगत्तै यस्ता घटना धेरैपटक भइसकेका छन् । मुस्लिम-क्रिश्चियन हिंसाको लहर बढाउनुमा यही सामाजिक सञ्जालले महत्वपूर्ण भूमिका खेलेको थियो । धेरै व्यक्तिको विश्वासमा यो हिंसात्मक झडपमा अदृश्य तेस्रो पक्षको हात रहेको छ ।

"क्रान्तिपछिको इजिप्टलाई अस्थिर बनाउन निश्चित पार्टीहरूले चाहे ती प्रतिक्रान्तिका पक्षधर, राजनीतिक प्रतिद्वन्द्वी वा विदेशी गुप्तचर निकायहरु नै किन नहुन् हिंसा भड्काउन गलत रिपोर्टहरु प्रवाह गर्न सामाजिक सञ्जाललाई प्रयोग गरिरहेको कुरा आमजनताले बुझ्न थालेका छन्," अब्देल-सादीकको भनाइ छ । सन् २०११ को अन्त्यतिर एउटा त्यस्तै घटना भयो । कुनै अज्ञात ेसबुक समूह देखापर्‍यो । त्यस समूहले आ्ूहरु "इजिप्टमा असल पक्षलाई उजागर गर्ने र इजिप्टका दुश्मनलाई रोक्ने समिति" रहेको दाबी गर्‍यो । यसको पेज हेर्दा साउदी अरेबियाली शैलीको नक्कल गरी "नैतिकता प्रहरी" स्थापना भएको आशंका गरियो । यो वेबपेजमा इजिप्टको सलाफ्स्टि नोर पार्टीको लोगो राखिएको थियो ।

तथापि, यो पार्टीले कुनै ेसबुक समूहसँग आ्नो कुनै सम्बन्ध नरहेको तत्कालै जनायो, र यो ेसबुक पेजका निर्माणकर्ताको आजपर्यन्त पत्ता लागेको छैन ।

यहीबीच, यूट्युबजस्ता अनलाइन भिडियो-आदानप्रदान मञ्चले पनि आन्दोलनका अवधिको तुलनामा कमै सकारात्मक भूमिका निर्वाह गरिरहेका छन्, विज्ञहरूको भनाइ छ । "सन् २०११ को क्रान्तिताका अनलाइनमा राखिएका भिडियोहरूले क्रान्तिलाई निकै बल पुर्‍याएका थिए, र देशका विभिन्न स्थानमा के भइरहेको छ भनेर प्रदर्शनकारीलाई जानकारी गराउन यी भिडियोहरु निकै प्रभावकारी सिद्ध भएका थिए," अब्देल-सादीक भन्छन् । "आजभोलि भने अनलाइन मा'त राखिएका भिडियोहरु आन्दोलन चर्काउन र दबाउन प्रयोग भइरहेका छन् ।"

उनले सामाजिक सञ्जालमा भडकाउ किसिमका तस्वीर वा भिडियो राखिएका धेरैवटा घटना प्रस्तुत गरे । यी सामग्रीले मानिसलाई क्रुद्ध बनाउनुका साथै प्रदर्शनमा भाग लिन मानिसलाई उकासेको थियो, तर यी सामग्री पूर्णरूपमा गलत वा निकै बढाइचढाइ गरेको पत्ता लागेको थियो । उनले भने, धेरै अवस्थामा यस्ता भिडियोहरु पुराना हुनुका साथै असम्बद्ध घटनाका थिए ।

*(आई.पी.एस्./एन्.पी.आई.)*

# श्रीलंकामा दुई दशकपछि पनि घरवारविहीन

*अमान्था परेरा*

पुट्टालाम, श्रीलंका । शिविर भेट्टाउन त्यति कठिनाइ थिएन । श्रीलंकाको राजधानी सहर कोलम्बोबाट १४० किलोमिटरमा रहेको पुट्टालाम सहरबाट उत्तरतिर हामीलाई राजमार्गबाट सिधै अघि बढ्न भनिएको थियो, र यहाँ आन्तरिकरूपमा विस्थापित मानिस बस्दै आएको ठाउँ थियो ।

आईपीएसले भेटेको यो ठाउँ युद्धबाट विस्थापितहरूका निम्ति बनाइएका परम्परागत अस्थायी आश्रयस्थल जस्तो थिएन– दातृ निकायका आ–आ्ना छाप लगाइएका निर्माण सामग्री थिएनन्, व्यस्त सहायताकर्मी यहाँ थिएनन् । यहाँ त पुट्टालामको साँघुरो र अव्यवस्थित दुर्गन्धित ढल रहेको सडकका किनारामा सेतो रङ पोतिएको सानो गाउँ मात्र थियो ।

तर नजिक पुगेर हेर्दा स्पष्ट भयो कि यी घरहरु त झण्डै ७५,००० मुस्लिम समुदायका थिए । उनीहरु मुलुकको गृहयुद्धका क्रममा सन् १९९० मा उत्तरी प्रान्तहरूबाट बलज्'ती भागेर आएका थिए ।

आईपीएससँग कुरा गर्दै उत्तरी जा'्ना प्रायद्वीपको पल्लाई गाउँबाट आएका ५० वर्ष हाराहारीका ज्यालादारी श्रमिक अहमद लेब्बेले आ'्नो जीवन अक्टोबर २९, १९९० पछि सदाका निम्ति परिवर्तन भएको बताए । पृथकतावादी युद्ध गरिरहेको लिबरेसन टाइगर्स अ' तमिल ईलमले २४ घण्टाभित्र उनीसहितका सबै मुस्लिमहरूलाई आ'्नो जन्मथलो छाड्न आदेश दिएको थियो ।

जा'्ना छाड्ने सूचना पाएका लेब्बेले ३०० रूपैयाँ (करिब २ डलर) बाहेक साथमा केही लिन पाएनन् । हुनत, अघिल्लै दिन जा'्ना सहरमा टाइगर्सले गाउँ खाली गराउन सार्वजनिक सूचना दिइसकेको थियो ।

मुस्लिम समुदायविरूद्ध यो आदेश दिनुको मुख्य कारण नै उनीहरु समर्थित राजनीतिक दल श्रीलंका मुस्लिम काँग्रेस थियो । यो दल उत्तरी क्षेत्रमा जातीय एकाधिकार कायम गर्ने टाइगर्सको आँखाको कसिंगर थियो । टाइगर्स उत्तरी क्षेत्रमा एकल जातीय राज्यका पक्षमा दृढताका साथ लडिरहेको थियो ।

टाइगर्सको आदेशलाई असाध्यै गम्भीरतापूर्वक लिइयो र अक्टोबर २९ को रात गाउँ छाड्नेक्रम सुरू भयो । एकपछि अर्को मुस्लिम परिवारले आ–आ'्ना घरहरु, मूल्यवान सामग्रीहरु र व्यवसाय छाड्न थाले । उनीहरूले आ'्ना साथमा टाइगर्सले अनुमति दिएबमोजिम केही पैसा, त्रास र स्मरण लिएर गाउँ छाडेका थिए ।

"हामी बसेको गाउँमा चारवटा मुस्लिम परिवार मात्र थियो," लेब्बेले आईपीएसलाई बताए । "तर यो हाम्रो घर थियो – म अझै पनि जा'्नाको तामिल लबजमै कुराकानी गर्छु ।" पुट्टालामको मुस्लिम गाउँमा आधा जीवन बिताइसकेको भए पनि तेइस वर्षपछि पनि लेब्बेलाई नयाँ ठाउँ त्यति रूचिकर लागेको छैन । "मलाई आजसम्म पनि यो आ'्नो ठाउँजस्तो लाग्दैन, म घरमै छैन जस्तो लागिरहन्छ," उनले बताए ।

केही अनुसन्धानहरूले यी अर्ध–स्थायी शिविरमा रहेबसेका आन्तरिक विस्थापित मानिसको संख्या झण्डै २५०,००० पुगिसकेको छ । अधिकांशले उत्तरपश्चिमी तटीय क्षेत्रलाई अझै पनि छाडेका छैनन् । यी ठाउँहरूमा उनीहरु दुई दशकअघि आइपुगेका थिए ।

स्थानीयवासीले सुरूमा शरणार्थीहरूप्रति राम्रै व्यवहार गरे पनि उनीहरूले तत्कालै नछाड्ने बुझेपछि त्यसको विरोध गर्न थालेका थिए । त्यहीकारण उनीहरु रोजगार, स्कुल र स्वास्थ्य केन्द्रजस्ता सरकारी स्रोतसाधनको कमी रहेको भन्दै आवाज उठाउन थाल्छन् ।

रोजगारदाताहरूले पनि सस्ता कामदारका रूपमा यी शरणार्थीलाई प्रयोग गर्न थाल्छन् । उनीहरु निर्माण, माछा मार्ने, कृषि र अस्थायी श्रमिकका रूपमा काम गर्न थाल्छन् ।

**सन् २०१० को मध्यमा पुरानै ठाउँमा फर्कन चाहने आन्तरिक विस्थापितहरुलाई निवेदन दर्ता गर्न श्रीलंकाली अधिकारीहरुले सूचना जारी गरेका थिए । पुट्टालाममा बसोबास गरिरहेका सबै २५०,००० मुस्लिमले निवेदन दर्ता पनि गरे, तर केही मात्र फिर्ता भए । पछिबाट के थाहा लाग्यो भने अधिकांशले नाम दर्ता गराउनुको मुख्य कारण नै सरकारले उपलब्ध गराउने छ महिनाको रासनका लागि हो ।**

आज, पुट्टालाममा सरकारी जागिरको माग थामिनसक्नु भएको छ । कुल जनसंख्या करिब ७००,००० रहेको यो प्रान्त श्रीलंकाकै सबैभन्दा गरिब प्रान्त पनि हो । यहाँका निवासीमा ११ मध्ये १० जना गरिबीको रेखामुनि बाँच्न बाध्य छन् जबकी राष्ट्रिय गरिबीको दर करिब आठ प्रतिशत छ ।

स्थानीय अधिकारीहरु पनि यहाँ सुरक्षित खानेपानीको अभाव रहेको बारेमा निकै गम्भीर छन् । लामो सुक्खाले यो समस्यालाई अझ जटिल बनाएको छ । सेन्टर 'र पोलिसी अल्टरनेटिभ्सका पूर्व अनुसन्धाता मिराक रहीम पुट्टालामको पूर्वाधारलाई तत्कालै स्तरोन्नति गर्नुपर्ने खाँचो औँल्याउँछन् । सडक निर्माणजस्ता कार्यक्रमले विस्थापितलाई रोजगारी दिनसक्ने परियोजनाको कार्यान्वयन गर्नुपर्नेमा उनी जोड दिन्छन् ।

मे २००९ मा एलटीटीईलाई सरकारले विस्थापित गरेयता ३० वर्षको अवधिमा विस्थापित भएका ४००,००० भन्दा बढी तामिलहरु पुनर्स्थापित भइसकेका छन्, तर मुस्लिम समुदायको पुनर्स्थापनाका कार्यहरु खासै हुन सकेका छैनन् ।

स्थानीय समुदायमा रहेर कार्यरत अधिकारवादी नेता मोहमद अब्दुलको विश्वासमा विस्थापित मुस्लिमहरु आ'्ना घरहरु पुनर्निर्माण गर्न वा व्यवसाय आरम्भ गर्नका लागि ऋणको व्यवस्थाका लागि ठोस कार्ययोजना बेगर उत्तरमा पुनः 'र्कने छैनन् । उनी भन्छन्, धेरै प्रतिबद्धता व्यक्त गरिए, तर ज्यादै कम काम भएको छ ।

सन् २०१० को मध्यमा पुरानै ठाउँमा 'र्कन चाहने आन्तरिक विस्थापितहरूलाई निवेदन दर्ता गर्न श्रीलंकाली अधिकारीहरूले सूचना जारी गरेका थिए । पुट्टालाममा बसोबास गरिरहेका सबै २५०,००० मुस्लिमले निवेदन दर्ता पनि गरे, तर केही मात्र 'र्ता भए । पछिबाट के थाहा लाग्यो भने अधिकांशले नाम दर्ता गराउनुको मुख्य कारण नै सरकारले उपलब्ध गराउने छ महिनाको रासनका लागि हो ।

कोलम्बो विश्वविद्यालयकी प्राज्ञ 'र्जाना हनि'ाका अनुसार विस्थापित मुस्लिमहरुलाई कहिल्यै पनि प्राथमिकता दिइएन । उनको भनाइमा अन्तर्राष्ट्रिय संस्थाहरुले पनि मुस्लिमहरूलाई बेवास्ता गरेका छन् किनभने मुस्लिम समुदायमा आपतकालीन मानवीय परिस्थिति नै सिर्जना भएको छैन ।

हनि'ाका अनुसार विकास सहायताका रूपमा प्राप्त करोडौं डलरको केही अंश मात्र मुस्लिम समुदायमा पुगेको छ । लेब्बेजस्ता मानिसका निम्ति उत्तरमा 'र्कने वा न'र्कने भन्ने निर्णय एउटा सहज उदाहरण हो ।

विगतमा युद्धबाट क्षतिग्रस्त यो प्रान्तमा ज्यादै कम सुविधा उपलब्ध छन् । जा'्नास्थित प्वाइन्ट पेड्रो इन्स्टिच्यूटका प्रमुख मुट्टुकृष्ण सर्वनाथनका अनुसार उत्तरी वन्नी क्षेत्रमा बेरोजगारी दर २० वा ३० प्रतिशतको उच्च रहेको छ । त्यहीकारण यहाँ नयाँ जीवनको आरम्भ गर्न खोज्ने जोकोहीले अनिश्चित भविष्यको सामना गर्नुपर्दछ ।

*(आई.पी.एस्./एन्.पी.आई.)*

## लासिड एक्सप्रेस र रिलायवल रेमिटवीच सम्झौता

काठमाडौ । देशकै सवैभन्दा ठूलो आन्तरिक मनी ट्रान्सफरका रूपमा स्थापित रिलायवल रेमिटले अन्तराष्ट्रिय मनी ट्रान्सफर कम्पनी प्लासिड एक्सप्रेससँग कारोवारसम्बन्धी सम्झौता गरेको छ ।

सम्झौतापछि प्लासिड एक्सप्रेसका अमेरिका, इटली र मलेसियामा रहेका कार्यालयहरूबाट पठाएको रेमिट्यान्स रिलायवल रेमिटका देशभरका करिव ३ हजार एजेण्ट तथा बैंक, फाइनान्स र वित्तिय संस्थाका शाखाहरूबाट लिन सकिने छ । सम्झौतामा रिलायवल फाइनान्सका प्रमुख कार्यकारी अधिकृत नारायँण लोहनी र प्लासिड एक्सप्रेसका उपाध्यक्ष मोहम्मद रसिदबीच हस्ताक्षर भएको छ ।

बंगलादेशी नागरिकहरूद्वारा प्रबर्द्धित प्लासिड एक्सप्रेसले पछिल्लो दिनमा मलेसियामा आत्नो उपस्थीतिलाई बलियो बनाउँदै लगेको छ । मलेसियामात्रै प्लासिडका १३ वटा शाखा रहेका छन् । आन्तरिक मनि ट्रान्सफर सेवामा स्थापित रिलायवल रेमिट पछिल्लो समयमा अन्तराष्ट्रिय संजाल विस्तारलाई तिब्रता दिएको छ ।

## एनआइडिसीले नबिलमा रहेको सवा अर्बको सेयर बेच्ने

काठमाडौं । एनआइडिसी डेभलपमेन्ट बैंकले नबिल बैंकमा रहेको सबा अर्ब रूपैयाँको सेयर बिक्री गर्ने भएको छ । प्रतिकित्ता १ हजार २२ रूपैयाँ न्यूनतम् मूल्य राखेर बैंकले १२ लाख ३५ हजार कित्ता सेयर बढाबढमा बिक्रीका लागि सोमबार सार्वजनिक सूचना प्रकाशन गरेको छ । नेपाल राष्ट्र बैंकको निर्देशनअनुसार क्रस होलडिङ हटाउन यो सेयर बिक्री गर्न लागिएको हो । सरकारको ९९ प्रतिशत सेयर रहेको एआइडिसी बैंकले राजनीतिक हस्तक्षेपको कारणँ राम्रो परफरमेन्स गर्न नसके पनि उसले विगतमा सेयर लगानी गरेका पब्लिक कम्पनीको परफरमेन्सको बोनस पाएको हो । नबिल बैंकबाट हरेक वर्ष उच्च लाभांशसमेत पाउँदै आएको यस बैंकले सेयर बिक्रीबाट ठूलो रकम हात पार्ने भएको छ ।

सरकारले आत्नो स्वामित्वमा रहेको राष्ट्रिय वाँण्ज्य बैंक र एनआइडिसी मर्ज गर्ने निँण्य गरेको थियो ।

## कृषि विकास बैंकको लाभांश रद्द

काठमाडौं । कृषि विकास बैंकले सेयरधनीलाई ५ प्रतिशत लाभांश दिन गरेको प्रस्ताव नेपाल राष्ट्र बैंकले अस्वीकृत गरेको छ । लामो समय संचित नोक्सानमा रहेको बैंकले मुनाफामा गएको पहिलो वर्ष नै महत्वकांक्षी भएर लाभांश दिने प्रस्ताव गरेको थियो । बैंक सञ्चालक समितिले आथिर्क वर्ष २०६८र०६९ को मुनाफाबाट उक्त लाभांश वितरणँ गर्ने निँण्य स्वीकृतिका लागि राष्ट्र बैंक पठाएको थियो ।

कृषि विकास बैंक अर्थ मन्त्रालयबाट प्राप्त ऋणँ मिनाहाबापतको रकम ३ अर्ब ८६ करोडलाई आम्दानी मानी खुद नोक्सानबाट मुक्त भएको हो । यो बैंकको खराब कर्जा अनुपात अझै ५ प्रतिशतभन्दा बढी रहेको छ । बैंकको समग्र स्थिति हेर्दा लाभांश वितरणँ गर्न सक्ने अवस्था नरहेको केन्द्रीय बैंकका अधिकारीले बताएका छन् । वित्तीय स्वास्थ्य सबल नभएका बैंकलाई नगद लाभांश वितरणँमा रोक लगाउने रणँनीति केन्द्रीय बैंकले लिएको छ ।

## पिएलआद्वारा फोटोको स्माईल बिधाको प्रायोजन

काठमाडौं । फोटो जर्नालिष्ट क्लबले आयोजना गर्न लागेको फोटो प्रतियोगिता तथा प्रदर्शनीको 'नेपाल स्माईल बिधा' पूर्वाञ्चल ल्युव आयल (पिएलओ) ले प्रायोजन गर्ने भएको छ । राजधानीमा पत्रकार सम्मेलनको आयोजना गरि पिएलओले स्माइल बिधा प्रायोजन गर्ने सम्झौता गरेको छ । सम्झौतापत्रमा पिएलओका प्रबन्ध निर्देशक भोलेश्वर दुलाल र क्लवका अध्यक्ष प्रकाश माथेमाले हस्ताक्षर गर्नुभयो । स्माइल विधा प्रायोजनका लागि कम्पनीले १ लाख ३० हजार रूपैयाँ नगदर र ७० हजार रूपैयाँ बराबरको समान उपलब्ध गराउने भएको छ । क्लवले नेपाल स्माइल विदामा फोटो बिक्री र स्पोन्सरबाट उठेको रकममध्ये पुरस्कार र अन्य खर्च कटाएर बाँकी रहेको सबै रकम च्यारीटीको लागि फन्डमा जम्मा गर्ने जनाएको छ । उक्त रकम ट्विट फर कज र फोटो जर्नालिष्ट क्लवले पहिचान गरेका असहाय बालबालिकाहरू पढ्ने स्कुललाई हस्तान्तरणँ गरिने क्लबका अध्यक्ष माथेमाले जानकारी दिए ।

क्लवले ७ विधामा फोटो प्रतियोगिता आयोजना गर्दै छ । प्रतियोगितामा देशभरका फोटोपत्रकार, फाटोग्राफर तथा अन्य सर्वसाधरणँले भाग लिन सक्ने क्लवले जनाएको छ । प्रतियोगितामा भाग लिनका लागि प्रतियोगीले असार १ गते राती १२ बजेसम्म आवेदन दिइसक्नुपर्ने छ ।

पिएलओले नेपालमा ग्रिस र लुब्रिकेन्ट्स उत्पादन गर्दै आएको छ । कार्यक्रममा पिएलओका प्रबन्ध निर्देशक दुलालले आफ्नो कम्पनीले हरेक बर्ष आम्दानीको २० प्रतिशतभन्दा बढी समाज सेवामा खर्च गर्दै आएको दाबी गरे । उनले अहिलेसम्म १४ वटा स्कुल निर्माँण गरिसकेको र ५४ बालबालिकालाई छात्रावृत्ति प्रदान गर्दै आएको बताए ।

## पूर्वराजबाट...

चार दलीय सिण्डिकेटले केही युवाहरूलाई पैसा दिएर जनताले बनाएको स्वागतद्वारमा आगो लगाइदिए । खिलराज सरकारले प्रष्टिकरण दिँदै भन्यो, 'श्री ५ लेखेकाले द्वार भत्काइएको हुन सक्छ ।'

पूर्वराजालाई हेर्न, भेट्न र बोल्न आउने भीड बढ्दै गएको छ । जनताको भीड देख्दा लाग्छ, राजा नै तारण हार हुन् । नेपालमा लोकतन्त्र व्यावहारमा लागु भएको जस्तो देखिएको छैन ।

## दिल्लीमा...

निर्माण र निर्वाचनमा पनि प्रजातन्त्रवादीको जितलाई सुनिश्चित गराउन भारत आतूर भएको छ । यसैको प्रतिफल स्वरूप भारतले कांग्रेस नेता देउवालाई बोलाएर आफ्नो योजना ऐनामा उतार्न खोजेको हुनसक्छ । देउवासँगै उनकी श्रीमती आरजु देउवा पनि गएकी छिन् । शेरबहादुर र आरजुको लगानगाँठो नेपालका लागि तत्कालिन अमेरिकी राजदूत जुलिया चाङ ब्लकले कसिदिएकी थिईन । यस दृष्टिबाट मूल्यांकन गर्नेहरू भारत-अमेरिकाको एउटै दक्षिण एसियाली नीति अन्तर्गत नेपाललाई पनि राख्न दुवैको विश्वास पात्रका रूपमा रहेका शेदरबहादुर देउवालाई चयन गरिएको हुनसक्छ ।

गिरिजाप्रसाद कोइरालाको देहवसानपछि प्रचण्डलाई पक्रेर र बाबुराम भट्टराईको सरकारलाई सहयोग गरेर कांग्रेसलाई आउट गरिसकेको दिल्लीले देउवा मार्फत् इन्ट्री दिएको हो भने आउँदा दिनमा कोइराला परिवारको अन्त्य र कांग्रेसमा नयाँ पुस्ता र भारतवादको अर्को अध्यायको जगजगी देख्न, भोग्न पाइने पर्यवेक्षकीय धारणा बन्न थालेको छ ।

## न्यायाधीश पनि...

दलीय आधारमा न्यायाधीश नियुक्त भएपछि तिनीहरू कानुनप्रति जवाफदेही हुन्छन् कि दलप्रति ? यो गम्भीर प्रश्नले निष्पक्ष न्याय सम्पादनलाई चुनौती खडा गरिदिएको छ । यो आपत्तिजनक कार्य प्रधानन्यायाधीश समेत रहेका मन्त्रिपरिषद् अध्यक्ष खिलराज रेग्मीकै नेतृत्वमा सम्पन्न भएको छ ।

## पूर्वअर्थ र उर्जा...

दिएको मूल्यबृद्धिको सुविधाका कारण माथिल्लो मर्स्याङ्दी, खिम्ती सस्तो हुन आउँछ । खिम्तीका कारण प्राधिकरणलाई वार्षिक दुई अर्ब घाटा रहेको छ । महोतले नै पिपिए गराएको अर्को अयोजनामा लिखु चौथो हो । भारतीय लगानीमा यस आयोजनाको पिपिए महतले २०६७ माघ २० गते गरेका थिए । यस आयोजना वर्षयाममा ८८ प्रतिशत बिजुली उत्पादन गर्दछ भने हिउँदमा १२ प्रतिशत मात्र उत्पादन दिन्छ ।

माथिल्लो तामाकोशीको पिपिए पनि महतकै पालामा गरिएको थियो, प्राधिकरण, कर्मचारी संचयकोष, नागरिक लागनी कोष र बिमा संस्थानका कार्मचारीहरू मोटाउने गरी शेयर दिएको यस आयोजनाले हिउँदमा १८ प्रतिशत मात्र उर्जा उत्पादन गर्न सक्छ । यसमा प्राधिकरणको ४१ प्रतिशत शेयर रहेको छ । यस्को पिपिए मूल्यबृद्धि बाहेक माथिल्लो त्रिशुली-३ 'ए'को भन्दा प्रतियूनिट २ रूपैयाँ महँगो रहेको छ । तत्कालिन अर्थमन्त्री सुरेन्द्र पाण्डेले लागनीकर्ता संस्थालाई फाइदा हुनेगरी तामाकोशीलाई ऋण दिने सम्झौता गराएका थिए । आफूहरूलाई राम्रो फाइदा हुने भएको हुनाले यी माथिका आयोजनाहरूका बारेमा प्राधिकरणका कर्मचारीहरूले विरोध गरेका छैनन् ।

डलरमा होइन, स्वदेशी लगानीमा प्रस्तावित मिस्त्री खोला ४२ मेगावाटको पिपिए पनि निजी क्षेत्रभन्दा महँगो दरमा महतले नै पिपिए गराएका हुन् । मिस्त्री खोलाको पिपिए प्रतियुनिट ५ रूपैयाँ ४२ पैसामा गरिएको छ । यो माथिल्लो त्रिशुली-३ 'ए' भन्दा २ रूपैयाँ ७२ पैसा महँगो हो । साढे तीन वर्षसम्म वार्षिक ३ प्रतिशतका दरले बढ्ने सुविधा यसले पाएको छ । यसले पनि सुख्खा याममा न्यून मात्रामा विद्युत उत्पादन गर्दछ । सस्तोमा विजुली उत्पादन गर्दा विरोध गर्ने तर डलरमा मुलुकले थेग्नै नसक्ने गरी विद्यतु उत्पादन गर्ने अनुमति दिने पूर्वअर्थ र उर्जा मन्त्रीहरूको नियत यसले नै प्रष्ठ पार्दैन र ? माथिल्ले त्रिशुली 'ए' को विरोध गर्नेहरूले पछि फेरि आयोजनालाई डलरमा निर्माण गर्न विदेशीलाई दिने निर्णय गराउनैका लागि अहिले विरोध गरिरहेको हुनाले पहिला उनीहरूले आफ्नो अनुहार आफैंले हेर्नुपर्ने अवस्था सिर्जना भएको छ । कर्मचारीहरूको व्यापक विरोधपछि विधुत् प्राधिकरण सञ्चालक समितिले माथिल्लो त्रिशुली ३ ए को जेठ १७ गते आफैँले गरेको निर्णय जेठ २९ गते आफैँले खारेज गरेको छ । सञ्चालक समितिले निर्णय खारेज गरे पश्चात् माथिल्लो त्रिशुली ३ ए को भविष्य अन्योल ग्रस्त बनेको छ ।

## सेनापति...

सहायक रथीहरूले सेनापति राणाको व्यवहार प्रति असन्तुष्टि जनाउँदै रक्षा मन्त्रालयमा गुहार समेत मागेका छन् । रक्षा सुत्रका अनुसार सैनिक मुख्यालयले अमेरिकामा वार कलेज कोष गर्न सहायक रथी द्वय गौरव तण्डुल र ईश्वर हमाललाई रिफारिस गरेको छ । तण्डुल बरियताक्रममा अगाडि रहेपनि हमालभन्दा माथि थुप्रै सहायक रथीहरू रहेका छन् । नेपाली भाषामा स्टाफ कोर्ष गरेकाहरू छनोटमा नपरेका हुनाले अन्य सहायक रथीहरू भने मर्कामा परेका छन् ।

सहायक रथी शिवराम खरेल, धर्मेन्द्र विक्रम लिम्बु, प्रकाशकुमार केसी लगायतका नेपाली भाषामा स्टाफ कोर्ष गरेकोले छनोटमा नपरेका बताइएको छ । ठीक त्यसको विपरीत रमेशजंग महत र गंगाबहादुर गुरूङलाई पन्छाएर कनिष्ठ हमाललाई सिफरिस गरेपछि असन्तुष्ठी बाहिर आएको हो । हमाल भन्दा वरिष्ठ समीर शाहीलाई भने पाकिस्तान पठाउन सफिरिस गरिएको छ । अमेरिकामा कोष लिन पाउने व्यक्तिले राम्रो रकम समेत पाउने भएको हुनाले कोषका लागि अमेरिका जान तँछाड मछाड हुने गरेको छ । हमाल बेसिक आधारभूत तालिम २१ का हुन भने शाही, महत र गुरूङ उनीभन्दा अघि २० बेसिक तालिमका हुन् । केही दावेदारले सेनापति राणाको पक्षपातपूर्ण निर्णय सच्याउन रक्षा मन्त्रालयलाई लिखित आग्रह समेत गरेका छन् ।

विभागीय मन्त्रीले सदर गरेपछि सेनाको प्रस्ताव कार्यान्वयनमा जाने गर्छ । हाल मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी नै रक्षा मन्त्री समेत रहेका छन् । सर्वोच्च अदालतका प्रधानन्यायाधीश समेत रहेका रेग्मीले सेनापति राणाको पक्षपातपूर्ण निर्णयलाई सच्चाउन निर्देशन दिन्छन्/दिदैनन् त्यो हेर्न बाँकी छ । सेनापति राणाको पक्षपातपूर्ण व्यवहारले नेपाली सेनाभित्र व्यापक असन्तुष्टि जन्मिएको यो पहिलो पटक भने होइन । यसभन्दा अगाडि पनि केही उच्च सैनिक अधिकृतहरूले आफूहरूमाथि सेनापति राणाले अन्याय गरेको भन्दै सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए । नेपाली सेनाको इतिहासमै आठ-आठ जनाले नेतृत्वप्रति मुद्दा दायर गरेको त्यो नै पहिलो पटक थियो ।

## भ्याट फिर्ता...

वस्तुमा भ्याट फिर्ता पाउने गरी आर्थिक ऐन ल्याएका थिए । पाण्डेले सुरू गरेको भ्याट फिर्ताको नीतिलाई त्यसपछि अर्थमन्त्री बनेका भरतमोहन अधिकारी र वर्षमान पुनले निरन्तरता दिएका थिए । तत्कालिन अर्थमन्त्री भारतमोहन अधिकारीले तत्कालिन आन्तरिक राजस्व विभागलाई व्यापारीहरूको दबाबमा केही आयातित वस्तुमा कर छुट दिन दबाब दिएका भएपनि तत्कालिन महानिर्देशकले मन्त्रीको निर्देशन कानुन विपरित भएको भन्दै कार्यान्वयन गर्न नसक्ने व्यहोराको पत्र मन्त्री अधिकारीलाई पठाका थिए ।

आर्थिक ऐनको अनुसूचि १ मा मैदा उद्योगले आफ्नो उत्पादन विक्री गर्दा उठाएको करबाट खरिदमा तिरेको करबाट घटाउँदा बाँकी बुझाउनु पर्ने देखिए बराबरको रकम २५ प्रतिशत फिर्ता पाउने व्यवस्था छ । त्यस्तै गैरजलविद्युत् आयोजनाका लागि आवश्यक पर्ने तर नेपालामा उत्पादन नहुने यन्त्र, उपकरण, मेसिन, औजार र तिनका पार्टपुर्जा पाइप बनाउने वा बनाउन प्रयोग हुने फलामको पाता पैठारी गर्दा विद्युत् विकासको सिफारिसमा भ्याट छुट दिइने व्यवस्था रहेको छ । पछिल्लो समयमा विभिन्न तरिकाले भ्याट छल्ने र करदाताबाट लिएको कर र विक्रीबाट समेत व्यापक रूपमा भ्याट छल्ने प्रवृत्ति बढेको हुनाले कही व्यापारी र उद्योगपतीहरूले अरबौं भ्याट छलेका छन् । अर्थ मन्त्रालयले त्यस्ता भ्याट छलिका मुद्दामा आजसम्म कुनै कारबाही नगरेको हुनाले अन्तर्राष्ट्रिय मुद्रा कोषले त्यसरी भ्याट फिर्ता नदिन आग्रह गरेको हो ।

## उद्योग धन्दा...

वाणिज्य महासंघका अध्यक्ष सुरज वैद्यले अब पनि सहज वातावरण नभएमा उद्यमी आफैंले सबै उद्योगहरू बन्द गरेर व्यापारमा लाग्ने चेतावनी दिएका छन् ।

नेकपा-माओवादीसँग सम्वद्ध अखिल नेपाल ट्रेड युनियन महासंघले मुलुकभरका उद्योग धन्दाहरू बन्द गराउँदै हिंडेपछि अध्यक्ष वैद्यको त्यस्तो अभिव्यक्ति आएको हो । महासंघले दैनिक मजदुरी गर्नेलाई दैनिक रू. ७ सय दिनुपर्ने र मासिक ज्याला कम्तीमा १५ हजार हुनुपर्ने माग गर्दै आएको छ । सरकार र विभिन्न ट्रेड युनियन तथा व्यवसायीबीच भने मासिक ८ हजार रूपैयाँ पारिश्रमिक दिने र दैनिक ३ सय ३१ रूपैयाँ ज्याला लागू गर्ने निर्णय पहिला नै भइसकेको छ । अहिले सिफारिस गरिएको ज्याला दुई वर्षमा भएको मूल्यवृद्धिभन्दा ५० प्रतिशत बढी भएको महासंघको भनाई रहेको छ । नेपालको हालको पारिश्रमिक दक्षिण एसियाकै सबैभन्दा धेरै भएको उद्योग वाणिज्य महासंघले विज्ञप्तीमार्फत जानकारी गराएको छ । हालको पारिश्रमिक उद्योगी व्यवसायीले धान्न सक्ने भन्दा बढी भएको भन्दै त्यसलाई आफूहरूले स्वीकार गरिसकेको अवस्थामा फेरि उद्योग र व्यवसायीहरूमाथि आक्रमण हुनुले उद्योग धन्दा बन्द गर्नुबाहेक अन्य विकल्पहरू नरहेको उद्योग वाणिज्य महासंघको भनाई रहेको छ । पारिश्रमिक निर्धारणमा महासंघको कुनै भूमिका नरहेको समेत महासंघले प्रष्ट पारेको छ ।

## अब दलहरु...

उल्लेख गर्नु पर्ने व्यवस्था गरेको छ । २५ हजार भन्दा बढी चन्दा दिने व्याक्तिको नाम समेत उल्लेख गर्नुपर्ने व्यवस्था गरिएको छ । दलहरूले अबदेखी आ-आफ्नो पार्टीको प्रकाशनको विक्रि, सम्पत्ति विवरण, सम्पत्ति विक्रि वा लिलामी कार्यालय सञ्चालन खर्च, प्रकाशन खर्च, भातृ संगठनको सञ्चालन खर्च र कर्जा सम्बन्धी विवरण समेत स्पष्ट रूपमा विवरणमा उल्लेख गर्नुपर्ने भएको छ ।

पार्टीको अधिवेशन खर्च, सभा सम्मेलनमा हुने खर्च, प्रशिक्षणमा हुने खर्च, स्टेसनरी खर्च लगायतका सबै खर्चहरू बुँदागत रूपमा विवरणमा उल्लेख गनुपर्ने आयोगले तयार पारेको १७ बुँदे अनुसुचीमा उल्लेख गरेको छ । जग्गा खरिद, भवन निर्माण, फर्निचर, गाडी, सामाजिक कार्यको विवरण बैंकहरूमा रहेको मौज्दात विवरण, समेत अनिवार्य रूपमा दलहरूले आयोगमा बुझाउनु पर्ने व्यवस्था गरेको छ ।

आयकर ऐन २०५८ले राजनैतिक दलको आयमा कर नलगाउने व्यवस्था गरेपनि भुत्तानी गर्दा कर काटेर मात्र भुत्तानी दिनुपर्ने व्यवस्था गरिएको छ । कुल आम्दानीको एक प्रतिशत भन्दा बढी आम्दानी भएमा, त्यस्तो आम्दानी छुट्टै शिर्षकमा राखी आयोगलाई बुझाउनु पर्ने व्यवस्था भएको छ । आयोगले आयव्यय बुझाउन अनुरोध गर्दा समेत आयव्यय नबुझाएका र नबुझाउने दलहरूलाई यस व्यवस्थाले अनुशासनमा राख्ने हिसाब-किताब चुस्त र प्रस्ट राख्न सहयोग पुग्ने समेत देखिएको छ । यसले गर्दा दलहरूले आर्थीक पारदर्शिता अपनाउनु पर्ने र कालो धन राजनैतिक पार्टीहरूमा भित्रिन सक्ने सम्भावना ज्यादै न्यून हुने सम्भावना देखिएको छ । २५ हजार भन्दा बढी चन्दा दिने व्यक्तिको हैसियत समेत प्रस्ट हुने भएको हुनाले, त्यसले दलहरूलाई पारदर्शितामा आउन सघाउ पुग्ने देखिएको छ ।

# सरकार सिलिण्डरमै झुन्डियो



काठमाडौं । असार १ गतेदेखि दुई थरी ग्याँस सिलिन्डिर प्रयोगमा ल्याएर घरेलु उपभोक्तालाई राहत दिने प्रचार गरेको सरकार सिलिन्डरमै झुन्डिएको छ । नेपाल एलपी ग्याँस उद्योग संघले उद्यमीहरूलाई एउटै परिवारका धेरै कार्ड बनाएर भ्रष्टाचारको ढोका खोलिदिएपछि सरकार सचेत भएर दुई थरी मूल्य भोलीदेखी लागू गर्ने निर्णयमा पुगेको छ । यसको अर्थ उद्योग र घरेलु प्रयोजनका लागि हुने ग्याँस सिलिन्डर असारदेखि नै दुई थरी हुने भएपनि मूल्य तोक्न सरकार असफल भएको छ ।

पहिले दुई थरी मूल्य किन ? दुई थरी सिलिन्डर बनाउँदैनौं भन्ने ग्याँस उद्योगीहरू अहिले दुई थरी ग्याँस सिलिन्डर बनाएर बजारमा ल्याउन आतुर छन् । उद्योगीभन्दा सरकार चलाख भएर कार्ड वितरणको आधार र कार्डमा धाँधली नभएको यकिन गरेर मात्र दुई थरी मूल्य तोक्ने निर्णयमा सरकार पुगेको छ ।

मानवले मानवलाई शोषाण गर्ने,
अन्याय अत्याचार गर्ने
कार्य निन्दनीय कार्य हो ।
नागरिक अधिकारप्रति सजग
र सचेत बनौं, बनाऔं र सबैमा
समान व्यवहार गरौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९, बजार व्यवस्थापक : गोकुल दुलाल (९८४९७८४४५५) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार